का.जि.प्र.का.द.नं. १००/०५९/६०
१ असोज २०८३
बिहीबार
17 September 2026
Thursday
नेपाल संवत् ११४६
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ई-पेपर हेर्न

वर्ष २४, अंक २३८। पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

# अनियन्त्रित महँगी
## ग्यासको हाहाकार कायमै




### आपूर्तिमा संकट
*भोटेकोशी बाढी*
*कृष्णभिर पहिरो, मध्यपूर्व युद्ध*

### अपर्याप्त स्टक
*भण्डार व्यवस्थित छैन, राख्नेलाई कालोबजारीको त्रास*

### बिक्री/वितरणमा अव्यवस्था
*समस्या दोहोरिन्छ, तर छैन व्यवस्थित प्रणाली*

### प्रभावहीन अनुगमन
*प्रभावकारी बजार अनुगमनको अभाव*

### उपभोक्ताको बानी
*अविश्वसनीय बजारका कारण आवश्यकताभन्दा धेरै सामान थुपार्ने*



विपद्को फाइदा उठाउँदै बजारमा रातारात दाल, चामल, तरकारी, खानेतेल र एलपी ग्यासजस्ता अत्यावश्यक वस्तुमा अस्वाभाविक मूल्यवृद्धि छ। कृत्रिम अभाव सिर्जना गरेर उपभोक्ताको ढाड सेक्ने काम भइरहेको छ।

**प्रेमलाल महर्जन**
**अध्यक्ष, राष्ट्रिय उपभोक्ता मञ्च**



कृष्णभिर सडक खण्ड पहिरोका कारणले आपूर्तिमा समस्या देखिएको हो। ग्यासका बुलेट आइरहेका छन्। खाना पकाउने ग्यास केही दिनमै सहज हुन्छ।

**जितेन्द्र बस्नेत**
**प्रवक्ता, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**

चाडपर्व नजिकिँदै गर्दा खाद्यान्न तथा दैनिक उपभोग्य वस्तुको मूल्य बढेको छ। भोटेकोशी बाढी र कृष्णभिर पहिरोका कारण आपूर्ति प्रभावित भएको बहाना बनाउँदै बजारमा कृत्रिम अभाव, मनपरी मूल्य र कालोबजारी बढेको उपभोक्ता अधिकारकर्मीको गुनासो छ।

**छबि सापकोटा/मध्यान्ह**
काठमाडौं, ३१ भदौ

चाडपर्व नजिकिँदै गर्दा बजारमा खाद्यान्न तथा दैनिक उपभोग्य वस्तुको मूल्य बढ्न थालेको छ। प्रत्येक वर्ष चाडपर्वलाई कमाउने सिजन बनाउँदै व्यवसायीले अस्वाभाविक मूल्य बढाउने गरेकोमा यसपटक भोटेकोशी बाढी र कृष्णभिर पहिरोको बहाना थपिएको छ।

भदौ १० गते भोटेकोशीमा आएको बाढी र पृथ्वी राजमार्गअन्तर्गत कृष्णभिरमा गएको पहिरोका कारण ग्यासका बुलेटसहित ठुला मालवाहक सवारी रोकिए। जसका कारण काठमाडौं उपत्यकामा खाद्यान्न तथा दैनिक उपभोग्य वस्तुको आपूर्तिमा असर परेको छ। यही अवस्थाको फाइदा उठाउँदै व्यवसायीले कृत्रिम अभाव सिर्जना गरी आफूखुसी मूल्य निर्धारण गरिरहेको पाइएको छ।

बजारमा ग्यास, चिनी, चामल, तेललगायत दैनिक उपभोग्य वस्तुको मूल्य बढ्दा उपभोक्ता मारमा परेका छन्। चाडपर्व नजिकिँदै गर्दा अभावको बहाना देखाउँदै कालोबजारी र मूल्यवृद्धि गर्ने प्रवृत्ति बढेको छ।

सरकारले बजार व्यवस्था नियन्त्रण गर्न नसक्दा मुख्य चाडपर्व नजिकिँदा उपभोग्य वस्तुको मूल्य अकासिएको छ। महिनौंदेखि खाना पकाउने ग्यासको अभाव हुँदा पनि सहज आपूर्ति तथा बिक्री वितरणको व्यवस्था मिलाउन सरकार चुकेको छ।

भोटेकोशी बाढी, कृष्णभिर पहिरो र मध्यपूर्व युद्धले आपूर्ति व्यवस्थामा व्यवधान आएकै थियो। त्यसमा स्टक राख्ने र सहज रूपमा बिक्रीवितरण गर्ने प्रणाली व्यवस्थित गर्न नसक्दा बजारमा हाहाकारको पृष्ठ २ मा



महँगी बढ्नुमा सरकार र ठुला व्यापारीको मिलोमतो देखिन्छ। ठुला पहुँचवाला व्यापारी मनोमानीले गर्दा संकटको बेला मूल्य बढ्ने गरेको छ। अभाव, मूल्यवृद्धिमा खुद्रा व्यापारीको कुनै हात हुँदैन, सबै ठुला व्यापारीले नै गर्ने हो।

**पवित्र बज्राचार्य**
**अध्यक्ष**
**नेपाल खुद्रा व्यापार संघ**

# भूकम्पले तंग्रिँदै थिए भोटेकोशीले बगायो

२०७२ को भूकम्प र सुक्खा पहिरोका कारण विस्थापित भई त्रिशूली नदी किनारको खाल्टेलगायत क्षेत्रमा आश्रय लिइरहेका सयौं भूकम्पपीडित भोटेकोशीको विनाशकारी बाढीबाट पुनः विस्थापित भएका छन्।



भूगर्भविद्ले नै बस्ती बसाल्नका लागि योग्य छ भनेर नै भूकम्पपीडितहरूलाई राखेको हो, अहिले बाढीले नै बस्ती बगाएर बगर बनाएको छ।

**अमरबहादुर बुलुन**
वडाध्यक्ष, उत्तरगया-४



**सपना बोहरा/मध्यान्ह**
काठमाडौं, ३१ भदौ

रसुवाको उत्तरगया गाउँपालिका-४ तल्लोपैरेबेसीका ताराबहादुर थापा २०७२ सालको भूकम्पबाट भएको क्षतिबाट भर्खरै तंग्रिन खोज्दै थिए। भोटेकोशी बाढीले भाइसहित उनको घर र जग्गा नै बगाइदियो। भूकम्पपछि बर्सेनि आउने बाढी र पहिरोले थप तहसनहस बनेको जीवन उनले दुःखजिलो गरेर पुनर्निर्माण गरेका थिए।

भूकम्पले उठिबास लगाएपछि सरकारले पुनर्वासका लागि उनीसहित २३० घरधुरीलाई तल्लोपैरेबेसीमा पुनर्स्थापनाको तयारी गरेको थियो। भूकम्प गएको नौ वर्षपछि सरकारले प्रतिपरिवार दुई आना जग्गा उपलब्ध गरायो। बस्न योग्य भन्दै सरकारले उपलब्ध गराएको त्यही बस्तीमा २०८१ सालमा बाढी पस्यो।

तीन महिना होल्डिङ सेन्टरमा कष्टकर जीवन बिताएर तंग्रिँदै गरेका थापाको भदौ १० गते आएको भोटेकोशी बाढीले माइला भाइसहित घरजग्गा सबै बगाइदियो। 'सरकारले सुरक्षित जग्गा भन्दै भूकम्पपीडितलाई छुट्टै बस्ती बनाएर राख्यो,' थापाले भने, 'पुनर्वासका लागि हामी आफैं जग्गा खोज्छौं, हाम्रो लागि छुट्याएको रकम हामीलाई दिनुस् भन्दा मानेनन्।'

सरकारले तोकेको क्षेत्रमा बस्नुपर्ने बाध्यकारी नियम थियो। तोकिएको क्षेत्रमा बस्न नचाहे सरकारले राहत रकम र सेवा सुविधा नदिने व्यवस्था थियो। भूकम्प, बाढी र पहिरोबाट पीडित थापालगायत अन्य तल्लोपैरेबेसीमा बस्न बाध्य भए। पृष्ठ २ मा

## जग्गा खोज्न समिति

सरकारले बाढी र पहिरोबाट विस्थापित भएका तथा जोखिममा रहेका नागरिकलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्न जग्गा खोजी र थप एकीकृत पुनर्निर्माणको प्रक्रिया अघि बढाएको छ।

भोटेकोशी हुँदै त्रिशूली नदीमा आएको बाढीबाट प्रभावितका लागि पुनर्स्थापनाका लागि जग्गा खोज्न सरकारले समिति बनाएको छ। बाढीपछि विस्थापित र जोखिममा परेका बस्ती स्थानान्तरणका लागि आवश्यक जग्गा खोज्न नापी विभागका महानिर्देशक प्रकाश जोशीको नेतृत्वमा १३ सदस्यीय समिति बनाइएको हो।

समितिमा मन्त्रालयको संघीय मामिला महाशाखाका उपसचिव दीपक ढकाल, पूर्वाधार विकास मन्त्रालयका उपसचिव, भूमि व्यवस्थापन तथा अभिलेख विभागका निर्देशक, नापी विभागमा कार्यरत उपसचिव र सम्बन्धित जिल्लाका प्रतिनिधि सदस्य रहनेछन्।

जिल्लाबाट सम्बन्धित जिल्ला समन्वय समितिमा कार्यरत जिल्ला समन्वय अधिकारी, सहायक प्रमुख जिल्ला अधिकारी, प्रहरी नायव उपरीक्षक, सम्बन्धित स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृत, सशस्त्र प्रहरी नायव उपरीक्षक तथा सम्बन्धित जिल्लाको भूमि प्रशासन कार्यालय र नापी कार्यालयका प्रमुख पृष्ठ २ मा

# अमेरिकामा छैनन् राजदूत
## कर्मचारीको भरमा भ्रमण व्यवस्थापन

प्रधानमन्त्री बालेन्द्र शाह अमेरिका जाँदै छन्। तर, त्यहाँ नेपाली राजदूत छैनन्। यसले उच्चस्तरीय भ्रमणको पूर्वतयारी, अमेरिकी प्रशासनसँगाको राजनीतिक समन्वय र भ्रमणपछि फलोअप गर्नुपर्ने विषयहरू अन्योलमा विषय छ।



राजदूतको कुर्सी खाली राखेर कूटनीति बलियो हुँदैन। अहिलेसम्म राजदूत नियुक्ति किन नगरेको सरकार ?

**यज्ञमणि न्यौपाने**
**सांसद, रास्वपा**

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ३० भदौ

बुधबार प्रतिनिधिसभाको बैठकमा बोल्दै सत्तारूढ दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सांसद यज्ञमणि न्यौपानेले राजदूतको कुर्सी खाली राखेर मुलुकको कूटनीति बलियो हुन नसक्ने भन्दै तत्काल नियुक्ति गर्न माग गरे। उनले महत्त्वपूर्ण कूटनीतिक नियोगमा राजदूत नियुक्तिमा भइरहेको ढिलाइबारे सरकारको ध्यानाकर्षण गराए। उनले भनेका छन्, 'राजदूतको कुर्सी खाली राखेर कूटनीति बलियो हुँदैन। अहिलेसम्म राजदूत नियुक्ति किन नगरेको सरकार ?'

> सरकारले राजदूत नियुक्तिका लागि यसअघि खुला प्रतिस्पर्धाबाट आवेदन मागेको थियो। त्यसमा करिब तीन हजार आवेदन परेको थियो। तर नियुक्ति प्रक्रिया अघि बढेको छैन।

राजदूत नियुक्तिमा ढिलाइ भएको विषय संसद्मा अरूले पनि उठाएका छन्। परराष्ट्र मन्त्रालयले नियुक्तिका लागि आवश्यक प्रक्रिया अघि बढाइरहेको बताउँदै आएको छ। तैपनि नियुक्ति प्रक्रिया अघि बढ्न नसक्दा सांसदहरूले प्रश्न उठाएका हुन्। नेपालका महत्वपूर्ण कूटनीतिक नियोग लामो समयदेखि नेतृत्वविहीन हुँदा कति असर परेको छ भनेर सरकारको ध्यानाकर्षण गराएका हुन्।

राजदूत नियुक्ति सरकारको अधिकार क्षेत्रभित्र पर्ने विषय हो। सरकारले नियुक्ति सिफारिस पृष्ठ २ मा

## २२ देशमा छैनन् राजदूत

परराष्ट्र मन्त्रालयका अनुसार ११ महिनादेखि विभिन्न देशमा राजदूत छैनन्। रिक्त २२ देशका लागि नेपाली राजदूत पठाउन आवेदन माग, नियुक्ति प्रक्रिया आदि काम भएर पनि नियुक्त हुन नसकेका हुन्।

नेपालले अमेरिकासहित भारत, चीन, बेलायत, जापान, अस्ट्रेलियालगायत मुलुकमा राजदूतमार्फत कूटनीतिक प्रतिनिधित्व गर्दै आएको छ। ती मुलुकसँग नेपालको व्यापार, लगानी, रोजगारी, विकास सहायता र राजनीतिक पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

# सरकारले साउदीमा मृत्यु वा घाइते भएकाको बिमा तथा क्षतिपूर्तिका लागि कानुनी प्रक्रिया अघि बढाउने

**मध्यान्ह संवाददाता**
काठमाडौं, ३१ भदौ

नेपाल सरकारले साउदी अरेबियामा मृत्यु वा घाइते भएका नेपाली नागरिकको बिमा तथा क्षतिपूर्ति रकम प्राप्तिका लागि कानुनी प्रक्रिया अघि बढाउने निर्णय गरेको छ। त्यसका लागि साउदी नागरिक कानुन व्यवसायीलाई वारेसनामा (पावर अफ एटर्नी) दिई बिमा तथा क्षतिपूर्तिको प्रक्रिया अगाडि बढाउन पाउने निर्णय बुधबारको मन्त्रिपरिषद् बैठकले गरेको छ।

यसबाट साउदी अरबमा घाइते भएका तथा ज्यान गुमाएकाहरूको परिवारलाई क्षतिपूर्ति दाबी गर्न सहज हुने अपेक्षा छ। अब तोकिएको कानुन व्यवसायीले नेपालीहरूको मृत्यु वा घाइते हुँदा क्षतिपूर्ति वा बिमाको दायित्वसम्बन्धी कानुनी प्रक्रिया अघि बढाउन सक्नेछन्।

मन्त्रिपरिषद्को निर्णय सार्वजनिक गर्दै सरकारका प्रवक्ता एवं शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले साउदी अरबमा मृत्यु वा घाइते भएका नेपालीको बिमा वा क्षतिपूर्ति रकमसम्बन्धी कानुनी कारबाहीका लागि साउदी नागरिक कानुन व्यवसायीलाई वारेसनामा दिई बिमा क्षतिपूर्तिको दाबी अघि बढाउनेसम्बन्धी आदेश जारी गर्ने निर्णय गरिएको बताए।

परराष्ट्र मन्त्रालयको प्रस्तावअनुसार मन्त्रिपरिषद्ले उक्त निर्णय गरेको हो। नेपाली महावाणिज्य दूतावास जेद्दामा कार्यरत काउन्सिलर श्रम कविराज उप्रेतीले लामो समयपछि नेपाल सरकारले गरेको निर्णय मृतक परिवार, घाइते तथा अपांगता भएकाका लागि महत्वपूर्ण रहेको मध्यान्ह दैनिकलाई बताए। उनले साउदीमा पीडितले पृष्ठ २ मा

## जापानमा दक्ष ड्राइभर पठाउन समझदारीपत्रमा हस्ताक्षर




**काठमाडौं/मस-** जापानी रोजगारदाता नेपाली सवारी चालक लैजान इच्छुक देखिएका छन्। जापानको अटोमोबाइल यातायात क्षेत्रमा नेपाली चालकहरूलाई रोजगारीका लागि पठाउने उद्देश्यले नेपाल र जापानका संस्थाहरूबीच बुधबार काठमाडौंको लाजिम्पाटस्थित होटल दुसित प्रिन्सेसमा समझदारीपत्र (एमओयू)मा हस्ताक्षर भएको छ। कार्यक्रमअन्तर्गत पृष्ठ २ मा

**अनियन्त्रित...**

स्थिति उत्पन्न भएको छ । सरकारी निकायले न प्रभावकारी बजार अनुगमन गरेका छन्, न त वितरण प्रणालीलाई सुधारेका छन् । बजारप्रति निरन्तरको अविश्वासका कारण उपभोक्ता भने आवश्यकभन्दा धेरै ग्यास सिलिन्डर र उपभोग्य वस्तु थुपार्न लागिरहेका छन् । अहिलेको महँगी र ग्यासको अभावको मुख्य कारण यसैलाई मानिएको छ ।

नेपाल उद्योग वाणिज्य महासंघका वरिष्ठ उपाध्यक्ष सुरकृष्ण वैद्य दैनिक उपभोग्य वस्तुमा बिनाकारण मूल्य बढाउने काम भएको बताउँछन् । 'अनावश्यक मूल्यवृद्धि गर्नलाई सरकारले कडा कारबाही गर्नुपर्छ,' उनले भने ।

**बाढी–पहिरोको बहाना**

राष्ट्रिय उपभोक्ता मञ्चका अध्यक्ष प्रेमलाल महर्जनका अनुसार बाढी र पहिरोको बहानामा बजारमा कृत्रिम अभाव र कालोबजारी बढेको छ । 'भोटेकोशीमा आएको विनाशकारी बाढी र कृष्णभिरलगायत राजमार्गमा गएको पहिरोले देशको मुख्य आपूर्ति प्रणाली अवरुद्ध हुँदा मनलाग्दी रूपमा बजारमा कृत्रिम अभाव सिर्जना गरी मूल्य बढिरहेको छ,' महर्जनले भने ।

प्राकृतिक विपत्तिको फाइदा उठाउँदै दाल, चामल, तरकारी, खानेतेल र एलपी ग्यासजस्ता अत्यावश्यक वस्तुमा अस्वाभाविक मूल्यवृद्धि र कृत्रिम अभाव सिर्जना गरिएको उनले बताए । बजार अनुगमन कर्मकाण्डी मात्र हुँदा त्यसको असर बजारमा देखिएको महर्जन बताउँछन् ।

राज्य संयन्त्रको उपस्थिति बजारमा कमजोर हुँदा आपूर्ति शृंखला बिग्रिएको महर्जनको विश्लेषण छ । सरकारी स्वामित्वका साल्ट ट्रेडिङ कर्पोरेसन र नेपाल खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडले समेत संकटका बेला बजार हस्तक्षेप गरी मूल्य नियन्त्रण गर्न नसकेको उनले बताए ।

**बजारभाउ १५ दिनमै उकालो**

नेपाल खुद्रा व्यापार संघका अध्यक्ष पवित्र बज्राचार्यका अनुसार चाडपर्व नजिकिँदै गर्दा विशेषगरी चामल, दाल, तेल र चिनीको मूल्य बढेको छ । होलसेलमै मूल्य बढेपछि खुद्रा मूल्य पनि बढिरहेको उनले बताए ।

खानेतेल र सनफ्लावर तेलको मूल्य लिटरमा ३० रुपैयाँसम्म बढेको छ । दालको मूल्य प्रतिकेजी २५ देखि ३० रुपैयाँसम्म बढेको छ भने चिनीको मूल्य प्रतिकेजी २० रुपैयाँ बढेको छ । माछा, मासु र अण्डाको मूल्यसमेत बढेको छ ।

बज्राचार्यका अनुसार पछिल्लो १५ दिनमै बजारमा मूल्य तीव्र रूपमा उकालो लागेको हो । पैसा तिरेर पनि उपभोक्ताले तीन महिनादेखि सहज रूपमा ग्यास पाउन सकेका छैनन् । 'दसैं, तिहारलगायत चाडबाडको बेला सधैं चिनी अभाव गराइन्छ, महँगो बनाइन्छ तर बढी पैसा दियो भने चिनी जति पनि पाइन्छ । यस्तो किन हुन्छ ? ती उद्योगी व्यापारीमाथि कारबाही र अनुगमन किन हुँदैन ?' बज्राचार्यले प्रश्न गरे ।

**आपूर्ति व्यवस्थापनमै कमजोरी**

बजारमा मूल्यवृद्धिको मुख्य कारण सरकारले आपूर्ति व्यवस्थापन गर्न नसक्नु रहेको उपभोक्ता अधिकारकर्मीको भनाइ छ । भोटेकोशी, कृष्णभिर पहिरो र मध्यपश्चिमका एसिया इन्द्रले आपूर्तिमा देखिएको समस्या हटाउन सरकारले गम्भीर प्रयास गर्न नसकेको उनीहरूको गुनासो छ । चाडपर्वमा हरेक वर्ष समस्या आउने थाहा हुँदाहुँदै सरकारी संस्थानदेखि निजी क्षेत्रसम्मले पर्याप्त मौज्दात नराख्ने गरेको बताइएको छ । नेपाल भण्डारण व्यवस्थापनको स्पष्ट नीति नहुँदा व्यवसायीले पर्याप्त स्टक राख्न नसकेको पनि व्यवसायीको भनाइ छ । बढी स्टक राख्दा कालोबजारीको आरोप लाग्ने र सरकारी निकायबाटै छापा पर्ने अवस्थाले स्टक व्यवस्थापन प्रभावित भएको उनीहरू बताउँछन् । बिक्री वितरणमा आफूखुसी मूल्य निर्धारण हुने र एउटै वस्तुको मूल्य स्थानअनुसार फरक हुँदा उपभोक्ताले वास्तविक मूल्य थाहा पाउन नसकेको गुनासो छ ।

बजार अनुगमनसमेत प्रभावकारी हुन नसकेको उपभोक्ता अधिकारकर्मी बताउँछन् । ठूला व्यवसायीलाई भन्दा साना व्यवसायीलाई मात्र कारवाही गर्ने प्रवृत्ति मूल्यवृद्धि नियन्त्रण हुन नसकेको उनीहरूको भनाइ छ ।

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका प्रवक्ता जितेन्द्र बस्नेत भने कृष्णभिर सडक खण्ड पहिरोका कारणले आपूर्तिमा समस्या देखिएको बताउँछन् । 'अब बाटो खुल्दै छ । ग्यासका बुलेट आइरहेका छन् । खाना पकाउने ग्यास केही दिनमै सहज हुन्छ,' उनले भने, 'अन्य उपभोग्य वस्तुको पनि समस्या आयात र व्यवस्थापनमा सरकार गम्भीर छ ।'

**उपभोक्तामा त्रासले पनि माग बढ्यो**

बजारमा मूल्य वृद्धि गएपछि अझै बढ्ने त्रासले उपभोक्ताले आवश्यकताभन्दा बढी वस्तु खरिद गर्ने गरेका छन् । यसले बजारमा माग बढाउने र व्यवसायीले त्यसैको मौका छोपेर मूल्य बढाउने गरेको बताइएको छ । उपभोक्ताको बजार मूल्यप्रति विश्वास कमजोर हुँदा आपूर्ति केही घट्नेबित्तिकै अभावको त्रास फैलिने गरेको छ । त्यसको असर दैनिक उपभोग्य वस्तुको बजारमा देखिने गरेको छ ।

यता बजार अनुगमनका लागि संघीय, प्रदेश र स्थानीय तहदेखि वाणिज्य तथा उपभोक्ता आपूर्ति विभागसम्मका निकाय छन् । तर बजारमा भइरहेको अस्वाभाविक मूल्यवृद्धिप्रति प्रभावकारी अनुगमन र हस्तक्षेप हुन नसकेको उपभोक्ताको गुनासो छ । चाडपर्व नजिकिँदै गर्दा दैनिक उपभोग्य वस्तुको माग बढ्ने भएकाले आपूर्ति सहज बनाउनुपर्ने र मूल्यवृद्धि तथा कालोबजारी नियन्त्रण गर्न प्रभावकारी बजार अनुगमन आवश्यक देखिएको छ ।

**भूकम्पले ...**

'बाढीले बस्ती बगायो, मान्छे बगायो,' उनले भने, '२०७२ सालदेखि यता रसुवा र नुवाकोटका जनता पीडित छौं ।'पटक-पटकको भूकम्प र पराकम्पनको त्रास तथा बाढीपहिरोका कारण सयौं स्थानीय त्यहाँबाट बसाइँ सर्न चाहन्थे । तर उत्तरगया गाउँपालिकाले १० वर्षसम्म जग्गा बेच्न नपाउने व्यवस्था गरेको थियो । भूकम्प र बाढीले उठिबास लगाएपछि पनि उनीहरू गाउँपालिकाको सर्त मान्न बाध्य थिए ।

भदौ १० गतेको बाढीले भने बासिन्दासहित बस्ती नै लगिदियो । पुनर्स्थापनाका लागि लाग्ने रकम सरकारले दिए उनी मकवानपुर गएर बस्न चाहन्छन् । 'हामीलाई राजनीतिक दलहरूले आफ्नो भोट बैंक बनाएर उनीहरूले तोकेको ठाउँभन्दा अन्त जान दिँदैनन्,' उनले भने, 'सुरक्षित स्थान भएको भए दुई-दुईपटक बाढी किन पस्थ्यो ?'

उत्तरगया गाउँपालिका-४ का वडाध्यक्ष अमरबहादुर बुलुनका अनुसार पुनर्स्थापना गरिएका भूकम्पपीडितलाई राखिएको नयाँबस्ती, खाल्टी, खाल्टे, कैदल चार, बेत्रावती र मैलुङमा बस्ती बगाएको छ । उनका अनुसार नयाँबस्ती र नौबिसेमा मात्रै बाढीले ४६ घर बगाएको छ । 'भूगर्भविद्ले नै बस्ती बसाल्न योग्य छ भनेपछि भूकम्पपीडितलाई यहाँ राखिएको हो,' बुलुनले भने, 'अहिले बाढीले नै बस्ती बगाएर बगर बनाएको छ ।'

जमिन कमजोर भएर वा अन्य कारणले नभई हिमपहिरो फुटेर आएको बाढीले बस्ती बगाएको उनले बताए । 'बस्तीबाट ५५ जना व्यक्ति बेपत्ता हुनुहुन्छ,' उनले भने, 'दुईजनाको मात्र सनाखत भएको छ ।'

**बेत्रावती र त्रिशूली किनारमा आश्रय**

भूकम्प र सुख्खा पहिरोका कारण विस्थापित भई त्रिशूली नदी किनारको खाल्टेलगायत क्षेत्रमा आश्रय लिइरहेका सयौं भूकम्पपीडित यो बाढीबाट पुनः विस्थापित भएका छन् । अधिकांशले आफ्ना परिवारका सदस्य गुमाएका छन् ।

२०७२ सालको भूकम्पबाट विस्थापित रसुवाका पीडितलाई उत्तरगया गाउँपालिका र जिल्लाका अन्य सुरक्षित स्थानमा एकीकृत तथा अस्थायी रूपमा स्थानान्तरण गरी बसालिएको थियो । उत्तरगया गाउँपालिकाका प्रवक्ता टुकप्रसाद सुवेदीका अनुसार हाकु, डाँडागाउँ, ठूलोगाउँलगायत जोखिमयुक्त क्षेत्रबाट विस्थापित भएका सबैभन्दा धेरै भूकम्पपीडित परिवारलाई खाल्टेमा अस्थायी टहरा बनाएर राखिएको थियो । 'भूकम्पपीडित कति बेपत्ता भए भन्नेबारे छुट्टै डाटा राखिएको छैन,' उनले भने, 'पुनर्स्थापनाको तयारीमा रहेका दुई सयभन्दा बढी टहरा बाढीले बगाएको खबर छ ।' रसुवाको मैलुङ गाउँका जोखिमपरेका परिवारलाई २०६२ सालमा पनि नदीकिनार आसपासमा आश्रय लिएर बसिरहेका थिए । अहिले बाढीले त्यहाँ पनि पूर्ण रूपमा क्षति गरेको छ । भूकम्पका कारण विस्थापित जोखिमयुक्त तिरु र गोंगने गाउँका लाभग्राहीलाई तत्कालीन राष्ट्रिय पुनर्निर्माण प्राधिकरणमार्फत जग्गा खरिद गरी तिरुमै एकीकृत बस्ती विकास गरेर पुनर्स्थापना गर्ने कार्य अघि बढाइएको थियो । पूर्ण व्यवस्थापनको पर्खाइमा रहेकै बेला भोटेकोशी र त्रिशूली नदीमा आएको भीषण बाढीका कारण रसुवाका उत्तरगया, गोसाईंकुण्ड, आमाछोदिङ्मोलगायत क्षेत्र प्रभावित भएका छन् ।

**पुरानै ठाउँमा फर्किन मन छैन**

उत्तरगया-४ की अस्मिता थापा अब बाढीले बगाएको बस्तीमा फर्किन चाहन्नन् । रातभर निद्रा पर्दैन । बाढीले उनको ६ जना आफन्त मात्रै होइन, अन्न, खेतीपाती गर्ने जग्गा र घरसमेत लगेको छ । थापा परिवारमा अहिले १३ जना सकुशल छन् । तर उनीहरूका लागि जाने ठाउँ छैन ।

२०७२ सालमा भूकम्पले उठिबास लगाएपछि अस्मिताले त्यसयता धेरै विपत्ति भोगेकी छन् । भूकम्प गएको नौ वर्षपछि सरकारले जग्गासहित घर दिएको थियो । त्यही घरमा २०८१ सालमा बाढी पस्यो । यो वर्ष भोटेकोशीको बाढीले भने आफन्तसहित घरबारी नै लग्यो ।

भूकम्पपीडितका पीडा एकपछि अर्को गर्दै उनका आँखाअगाडि घुम्छन् । उनी चिच्याएर रुन्छिन् । 'म अब त्यो गाउँमा फर्किन्नँ, मेरा आफन्त लग्यो, घरबार लग्यो । एकपटक मात्रै होइन, पटक-पटक पीडा दिएको छ,' उनले भनिन् । 'सरकारले सुरक्षित छ भनेर राखेको ठाउँ नै असुरक्षित भयो,' उनले भनिन्, 'सरकारले पुनर्स्थापना गरेदेखि बस्तीमा बाढीले डुबान पार्ने समस्या भइरहन्थ्यो । तीन-तीन महिनासम्म होल्डिङ सेन्टरमा कष्टकर जिन्दगी पनि गुजारियो । अहिले त आफन्तसहित बस्ती नै बगायो ।' अब उनीमा यी दुःख सहने शक्ति छैन । त्यो बस्तीमा फर्किन पनि चाहन्नन् । उनी काठमाडौं आएर बसेकी छिन् ।

'पहिले सरकारले बस्नका लागि जग्गा उपयुक्त छ भन्दै बस्ती बसाल्यो । हामीलाई पीडामाथि पीडा भयो,' उनले भनिन्, 'अब यस्तो नहोस् ।' उनको माग सुरक्षित ठाउँको खोजी गरिदिनुपर्नेछ । 'पीडितका लागि आएको रकम राहतमा सरकारले खर्च नगरोस् । अन्य संघ-संस्थाले राहत सामग्री दिएका छन्, त्यसैले गुजारा चलाउँछौं,' उनले भनिन्, 'चाँडै नै सुरक्षित स्थान खोजोस् ।'

**जग्गा...**

पनि समितिका सदस्य रहनेछन् । 'सबैभन्दा पहिले बाढी प्रभावित र जोखिममा रहेकाको तथ्यांक कति हो भन्ने टुंगो लगाउनेछ,' महानिर्देशक जोशीले भने, 'समितिले जिल्लामा नापी, भूमि कार्यालयसँगै स्थानीय तहसँग समन्वय सुरु गरिसकेको छ ।'

**अमेरिकामा...**

गरेपछि त्यसमा संसदीय सुनुवाइ गर्नुपर्ने संवैधानिक व्यवस्था छ । नेपालको संविधानको धारा २९२ को उपधारा (१) अनुसार राजदूत पदमा नियुक्ति हुनुअघि संसदीय सुनुवाइ गर्नुपर्ने व्यवस्था छ । यसका लागि संघीय संसद्को संयुक्त बैठक र संयुक्त समिति (कार्य सञ्चालन) नियमावली, २०८० बमोजिम संसदीय सुनुवाइ समिति सक्रिय छ ।

प्रधानमन्त्री बालेन्द्र शाह संयुक्त राष्ट्रसंघको महासभामा सहभागी हुन असोज ६ गते अमेरिका जाँदै छन् । तर, प्रधानमन्त्रीको भ्रमण हुने अमेरिकामै नेपालका राजदूत छैनन् ।

वासिङ्टनस्थित नेपाली दूतावास लामो समयदेखि राजदूतविहीन छ । प्रधानमन्त्रीको उच्चस्तरीय भ्रमणअघि महत्वपूर्ण कूटनीतिक नियोगमा राजदूत नियुक्त हुन नसक्दा भ्रमणको तयारी, अमेरिकी प्रशासनसँगको राजनीतिक समन्वय र भ्रमणपछि हुने सहमतिको फलोअप के कसरी अन्छ भन्ने अन्योलमा परेको छ ।

सरकारले राजदूत नियुक्तिका लागि यसअघि खुला प्रतिस्पर्धाबाट आवेदन मागेको थियो । त्यसमा करिब तीन हजार आवेदन परेको थियो । तर नियुक्ति प्रक्रिया अघि बढेको छैन ।

**२२ देशमा...**

सम्बन्धका विषयमा नियमित सम्पर्क आवश्यक हुन्छ । राजदूत नियुक्ति नहुँदा दूतावासको नेतृत्व कार्यवाहक वा अन्य कूटनीतिक अधिकारीले सम्हाल्दै आएका छन् ।

कर्मचारीको भरमा दूतावास चलाउन नहुने भनेर सत्तारूढ दलका सांसदले नै संसद्मा राजदूत नियुक्तिको माग राखेर सरकारको ध्यानाकर्षण गराएका हुन् । बुधबार मात्रै प्रधानमन्त्री बालेन शाहसँग नेपालका लागि कार्यवाहक अमेरिकी राजदूत मेगन बोल्डिनले भेटवार्ता गरिन् ।

भेटमा प्रधानमन्त्री शाहले जलवायुजन्य विपद् जोखिम न्यूनीकरण तथा यसको प्रभाव सम्बोधन गर्न विश्वव्यापी सहकार्य र सामूहिक प्रयासलाई थप सुदृढ गर्नुपर्नेमा जोड दिए । कार्यवाहक राजदूत बोल्डिनले रसुवामा आएको बाढीका कारण भएको जनधनको क्षतिप्रति गहिरो दुःख व्यक्त गर्दै शोकसन्तप्त परिवार तथा प्रभावित समुदायप्रति समवेदना प्रकट गरिन् ।

यस कठिन घडीमा नेपाल सरकार र नेपाली जनताप्रति अमेरिकी सरकारको ऐक्यबद्धता रहेको उल्लेख गर्दै राहत, पुनर्स्थापना तथा पुनर्निर्माणका प्रयासमा समेत आवश्यक सहयोग र सहकार्य गर्न अमेरिकी सरकार तत्पर रहेको जानकारी गराइन् । तर यसको नेतृत्व लिन अमेरिकामै भने नेपाली राजदूत छैनन् ।

**सरकारले...**

पाउने क्षतिपूर्तिको रकमको तुलनामा कानुन व्यवसायीको शुल्क अत्यधिक महँगो रहेको बताए । त्यस कारण नेपालीहरू पीडित भए पनि कानुनी लडाइँ नगरी घर फर्किने गरेका छन् । साउदी कानुन व्यवसायीले बिमा क्षतिपूर्तिबापत उठेको रकमको आधारमा शुल्क लिने गरेका छन् ।

उनले मुस्लिम धर्मावलम्बी पीडित भए ब्लड मनी शतप्रतिशत र गैरमुस्लिम भएको अवस्थामा आधा रकम पाउने गरेको बताए ।

घाइते तथा अपांगता भएकाहरूले उपचार खर्च, अस्थायी रूपमा काम गर्न नसक्दा दैनिक भत्ता, स्थायी पूर्ण/आंशिक अशक्ततामा क्षतिपूर्ति वा मासिक लाभ, आवश्यक अवस्थामा पुनर्स्थापना तथा कृत्रिम अंगसम्बन्धी सुविधा पाउने कानुनी व्यवस्था छ । कामसम्बन्धी दुर्घटनामा मृत्यु भएमा रोजगारदाताको लापरबाही वा अन्य पक्षको दोष स्थापित भएको अवस्थामा छुट्टै क्षतिपूर्तिको प्रश्न उठाउन सकिने अवस्था पनि छ । तर उचित कानुनी प्रतिनिधित्वको अभावमा पीडितले त्यो लाभ पाउन नसकेको बताइएको छ ।

**जापानमा...**

नेपाली सवारी चालक अनुमतिपत्र भएकाहरू नेपालमै जापानी भाषा, प्राविधिक तालिम तथा जापानी शैलीको चालक तालिम पूरा गरी दक्ष बन्नेछन् । जापानमा एसएसडब्लु अनुमति पाउन जापानी भाषा परीक्षा, सीप मूल्यांकन परीक्षा र जापानी सवारी चालक अनुमतिपत्र गरी मुख्य तीन क्षेत्रमा अब्बल हुनु आवश्यक मानिन्छ ।

नेपाली पक्षबाट तीन संस्थाले फरक-फरक भूमिकासहित नेपाली सवारी चालकलाई जापानी भाषा तथा अन्य पक्षमा सहकार्य गर्ने बताएका छन् । म्यानपावर कम्पनी मदर ब्रेन नेपाल प्रा.लि.ले भर्ना तथा प्रशोधन, युकिगुनी एजुकेसन कन्सल्टेन्सी प्रा.लि.ले जापानी भाषा तालिम र एन्टिक ड्राइभिङ स्कुलले चालक तालिमको जिम्मेवारी लिने घोषणा गरेका छन् ।

समझदारीपत्रमा जापानी पक्षबाट सिरो सोगावा तथा नेपाली पक्षबाट मदर ब्रेन नेपालका अध्यक्ष कृष्ण गिरी, युकिगुनी एजुकेसन कन्सल्टेन्सीका अध्यक्ष राजकुमार तामाङ (आर.के.) र एन्टिक ड्राइभिङ स्कुलका सञ्चालक सरोज स्वाङ्गामिक्काले हस्ताक्षर गरे । कार्यक्रममा युकिगुनी एजुकेसनका प्रबन्धक अशोक लामा र जापानिज एजुकेसन ग्रुपका अध्यक्ष रुपसिंह तामाङको समेत उपस्थिति थियो । हस्ताक्षरकर्ता सिरो सोगावा जापानको अन्तर्राष्ट्रिय ड्राइभिङ एजुकेसन एसोसिएसन (आइडिइए)का अध्यक्षसमेत हुन् । जापानबाहिर सञ्चालन हुने जापानी शैलीको चालक तालिमलाई मान्यता दिने काम उक्त संस्थाले गर्दै आएको छ ।

सम्पूर्ण प्रक्रिया वैदेशिक रोजगार ऐन, २०६४ तथा वैदेशिक रोजगार विभागको निर्देशनभित्र रहेर मात्र सञ्चालन गरिने उनीहरूले बताएका छन् । जापानले २३ हजार विदेशी सवारी चालक भित्र्याउने बताएको छ ।

पठाइने चालकको संख्या तथा समयतालिका, तालिमको संरचना तयार भई आवश्यक स्वीकृति प्राप्त भएपछि सार्वजनिक गरिने बताइएको छ । हाल जापानमा भारत, उज्वेकिस्तान, भियतनाम, बंगलादेश र इन्डोनेसियाबाट उल्लेख्य संख्यामा सवारी चालक गइरहेका छन् ।

५ वर्षे भिसा अवधि हुने सवारी चालकको रोजगारी जापानमा आकर्षक तलब पाउने रोजगारीअन्तर्गत रहेको सञ्चालक गिरीले बताए ।

कार्यक्रममा नेपाल वैदेशिक रोजगार व्यवसायी संघका तृतीय उपाध्यक्ष लक्ष्मण पौडेलले निजी संस्थाहरूको सहकार्यमा जापानमा नेपाली सवारी चालक पठाउने तयारी गरेकोमा शुभकामना दिँदै नेपालीहरूले खाडी र मलेसियाको परम्परागत रोजगारीबाट बाहिर निस्केर नयाँ गन्तव्यको खोजी गर्नुपर्ने बताए । उनले संघले नयाँ गन्तव्यमा अनुमतिका लागि युवा, श्रम तथा रोजगार मन्त्रालयको ध्यानाकर्षण गराइरहेको समेत जानकारी दिए ।


**सांग्रिला डेभलपमेन्ट बैंक लि.**
**Shangri-la Development Bank Ltd.**
स्थानीय विकासको आधार
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजत प्राप्त संस्था)

केन्द्रीय कार्यालयः
बालुवाटार, काठमाडौं
फोन नं.: ०१-४५२१८६१/६२/६३

## कर्जा चुक्ता गर्ने बारे ३५ दिने अत्यन्त जरुरी सूचना

(सूचना प्रकाशित मितिः २०८३/०६/०१ गतेको मध्यान्ह राष्ट्रिय दैनिक)

यस डेभलपमेन्ट बैंकबाट तपसिलका ऋणीहरुले यस डेभलपमेन्ट बैंकको तपसिलका शाखा कार्यालयबाट विविध कर्जा शीर्षक अर्न्तगत लिनु भएको कर्जाको साँवा, ब्याज तथा हर्जाना रकम समेत शर्त बमोजिम यस डेभलपमेन्ट बैंकमा समय समयमा दाखिला गर्नु पर्नेमा हालसम्म नतिरी नबुझाई कर्जा सम्बन्धी शर्त बन्देज उल्लंघन गर्नु भएको र सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत बक्यौता रकम चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गर्नु भएको हुनाले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र यस डेभलपमेन्ट बैंकमा सम्पर्क राखी यस डेभलपमेन्ट बैंकलाई तिर्न बुझाउनु पर्ने बाँकी ऋणको साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दै दस्तूर रकम समेत चुक्ता भुक्तान गर्नु हुन सम्बन्धित ऋणी तथा जमानीकर्तालाई यसै सूचना मार्फत सूचीत गरिन्छ । अन्यथा यस डेभलपमेन्ट बैंकको नीति नियम, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंकिङ्ग कसूर ऐन २०६४, यस बैंकको ऋण असुली नीति २०८० एवं प्रचलित कानून बमोजिम यस डेभलपमेन्ट बैंकको लेना बाँकी रकम असुल उपर गर्ने तर्फ कारवाही गरिने र उक्त समय भित्र तिर्न बुझाउन पर्ने सम्पूर्ण रकम असुल उपर हुन नसकेमा प्रचलित कानून बमोजिम सम्बन्धित ऋणी तथा जमानीकर्ताको चल अचल जायजेथा सम्पत्ति रोका राखी कानूनी प्रक्रिया अपनाई असुल उपर गरिने र ऋणी तथा जमानीकर्तालाई कालोसुचीमा समेत सुचीकृत गरी आवश्यक कानूनी कारवाही भई जाने व्यहोरा समेत सम्बन्धित सबैलाई सूचीत गरिन्छ ।

**तपसिल**

| ऋणीको विवरण | जमानतकर्ताको विवरण |
|---|---|
| १) नाम : दिनेश अधिकारी<br>बाबुको नाम : प्रेमनाथ शर्मा अधिकारी<br>बाजेको नाम : तेजनाथ अधिकारी<br>ठेगाना : निलकण्ठ -०७, धादिङ्ग<br>हालः नागर्जुन १३, काठमाडौ<br>ना.प्र.नं.: ४३८०२<br>जारी गर्ने कार्यालय : जि.प्र.का., धादिङ्ग<br>जारी मिति : २०५८/०५/१०<br>**कर्जा लिएको शाखा : बानेश्वर, काठमाण्डौ** | क) नाम : गिता भट्ट<br>बाबुको नाम : कृष्णप्रसाद भट्ट<br>पतिको नाम : दिनेश अधिकारी<br>ससुराको नामः प्रेमनाथ शर्मा अधिकारी<br>ठेगाना : मैदि २, धादिङ्ग<br>हालः नागर्जुन १३, काठमाडौ<br>ना.प्र.नं. : ८३७६<br>जारी गर्ने कार्यालय : जि.प्र.का., धादिङ्ग<br>जारी मिति : २०६३/०३/०६ |

## कुवेतमा रोजगार

कम्पनी : AL-MUDHAF & AL-KULAIB GROUP RESTAURANT MANAGEMENT COMPANY शहर: KUWAIT
पूर्व स्वीकृत मितिः २०८३/०२/२९ चलानी नं.: ६०२५६७३८ LT. No.: 343462 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner General | 10 | 0 | सम्बन्धित काममा दक्ष | 100 | ४५,९१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | waiter/waitress | 10 | 10 | | 120 | ५५,०९८ | | | | | | | |
| 3. | CHEF ASSISTANT. | 10 | 5 | | 170 | ७८,०५५ | | | | | | | |
| 4. | Preparer | 10 | 5 | | 120 | ५५,०९८ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ असोज ९, १०, ११ गते (25, 26, 27 September 2026) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**सुनसरी ओभरसिज प्रा. लि.**
श्रम इजाजत पत्र नं. ११०७/०७३/०७४
सिनामंगल-९, एयरपोर्ट, काठमाडौं, फोन : ०१-४५७४४६७, ४५६४०२९, ४५६९१८० मो.: ९८४१८३४३९४.
Whatsapp No. 9841834394; 9712090910, +977 982-6707940
Email: mdsunsarioverseas@gmail.com,

## साउदीमा रोजगार

कम्पनीः SAKAB ALMSAFAT FOR TRANSPORTATION COMPANY शहरः RIYADH
पूर्व स्वीकृत मितिः २०८३/०५/३१ चलानी नं.: ६०२६११५५ LT. No.: 347907

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Truck Driver | 4 | 0 | स. काममा दक्ष | 1800 | ७३,४४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ असोज ८ गते (24 September 2026) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु.१०,००० |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**TRIVENI OVERSEAS CONCERN PVT.LTD**
Govt. Lic. No.: 341/059/060
P.O. Box: 23489 Ring Road, Bashundhara, Kathmandu, Nepal, Hotline: 01- 4987602, 4987603, 9810722700, Mail: trivenioverseas.nepal@gmail.com
Branch Office : si.na.pa-08, b.p Path, Bhairahawa, Nepal, Landline : 071-572513, Phone +977-9767608711, 9820788714,
Email : trivenioverseas.bhairahawa@gmail.com, Website: www.trivenioverseas.com

# शून्य लागत अन्तर्गत मलेसियामा रोजगारी
# EMPLOYMENT IN MALAYSIA UNDER ZERO COST

**शून्य लागत भर्ती:** यो भर्ती शून्य लागत नीति अन्तर्गत सञ्चालन भइरहेको छ । भर्ती सम्बन्धी सबै खर्चहरू–पासपोर्ट, फोटो, मेडिकल जाँच, यातायात, खान र बस्न, भिसा, अभिमुखीकरण, बीमा, कल्याणकारी कोष, सामाजिक सुरक्षा कोष, श्रम स्वीकृति, हवाई टिकट र टाइटानिकको सेवा शुल्क–पूर्ण रूपमा रोजगारदाताले वहन गर्नेछ । उम्मेदवारहरूले कम्पनीको भर्ती प्रक्रिया वा नियुक्तिपछि कुनै पनि चरणमा शुल्क वा भुक्तानी तिर्नुपर्ने छैन ।

**Zero Cost Recruitment:** This recruitment is conducted under a zero-cost recruitment policy. All recruitment-related expenses, including passport, photo, medical screening, transportation, lodging and food, visa, orientation, insurance, welfare fund,social security fund, labour approval, air ticket and Titanic's service charge, will be fully borne by the employer. Candidates are not required to pay any fees at any stage of the recruitment process or after placement.

NationGate

रोजगारदाता कम्पनी - नेसनगेट सिस्टम एसडिएन. बिएचडी.
Employer Company - NationGate System Sdn. Bhd.
ठेगाना - पेनाङ, मलेसिया
Address - Penang, Malaysia
फोन - +६०४ ३९८ ९००१, Phone - + 604 398 9001

**कम्पनीको बारेमा** - नेसनगेट सिस्टम्स एसडिएन. बिएचडी. मलेसियाको पेनाङमा रहेको एक प्रमुख इलेक्ट्रोनिक्स म्यानुफ्याक्चरिङ (EMS) कम्पनी हो। नेसनगेट होल्डिंग्सको सहायक कम्पनीको रूपमा, यसले नेटवर्किङ, दूरसञ्चार र अटोमोटिभ क्षेत्रका लागि इलेक्ट्रोनिक एसेम्ब्ली उत्पादन गर्दछ ।

**About Company** - NationGate System Sdn. Bhd. is a leading electronics manufacturing (EMS) company in Penang, Malaysia. As a NationGate Holdings subsidiary, it produces electronic assemblies for networking, telecommunications, and automotive industries.

| पूर्व स्वीकृत मिति - २०८३/०५/२९ Pre-approval Date - 2026/09/14 | लट नम्बर - ३४७८१८ LT No. - 347818 | चलानी नम्बर - ६०२६०९९६ Invoice No. - 60260996 |
|---|---|---|

| कामदारको पद Worker's Position | माग संख्या No. of Demand पुरुष Male | महिला Female | न्यूनतम योग्यता Minimum Qualification | मासिक तलब Monthly Salary आर एम RM | ने. रु. NRP | ओभरटाईम Overtime | प्रतिदिन काम गर्ने घण्टा Working Hours/Day | हप्तामा काम गर्ने दिन Working Days/Week | खाना सुविधा Food Facility | बस्ने सुविधा Accommodation Facility | करार अवधी Contract Period |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| औद्योगिक कामदार Factory Worker | ५० 50 | ० 0 | एस.एल.सी वा सो भन्दा माथि SLC & Above | १७१० 1710 | ६३,२७० 63,270 | कम्पनीको नियम अनुसार As Per Company Rule | ७.५ घण्टा 7.5 Hours | ६ दिन 6 Days | छैन No | छ Yes | २ वर्ष 2 years |

| पासपोर्ट खर्च Passport Expenses | मेडिकल जाँच शुल्क Medical Examination Fee | भिसा शुल्क Visa Fee | फाइनल अन्तर्वार्ताको समयमा र प्रस्थान अघि हुने यातायात लगायत खान र बस्नको खर्च Transport, Food & Lodging Expenses During Final Interview & Before Departure | अभिमुखीकरण Orientation | नेपाल र मलेसियामा लाग्ने बिमा शुल्क Insurance Fee in Nepal & Malaysia | कल्याणकारी कोष Welfare Fund | सामाजिक सुरक्षा कोष Social Security Fund | हवाई टिकट खर्च Air Ticket Expenses | संस्थाको सेवा शुल्क Agency Service Charge |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले ब्योहोर्ने By the employer | रोजगारदाताले ब्योहोर्ने By the employer | रोजगारदाताले ब्योहोर्ने By the employer | रोजगारदाताले ब्योहोर्ने By the employer | रोजगारदाताले ब्योहोर्ने By the employer | रोजगारदाताले ब्योहोर्ने By the employer | रोजगारदाताले ब्योहोर्ने By the employer | रोजगारदाताले ब्योहोर्ने By the employer | रोजगारदाताले ब्योहोर्ने By the employer | रोजगारदाताले ब्योहोर्ने By the employer |

## महत्वपूर्ण जानकारी Important Information

- आवेदकहरूको उमेर १८ बर्ष देखि ४५ बर्षको बिचमा हुनु पर्नेछ । इच्छुक आवेदकहरूहरूलाई उमेर प्रमाणिकरणको लागि नेपाल सरकारबाट जारी फोटो सहितको कम्तिमा दुईवटा परिचय पत्र साथमा लिएर उपस्थित हुन अनुरोध गर्दछौं । Applicants must be between 18 and 45 years of age. Interested applicants are requested to bring at least two photo IDs issued by the Government of Nepal for age verification.
- कामको क्षेत्र/ प्रकृतिः औद्योगिक कामदार/विभिन्न उच्च-परिशुद्धता प्रिन्टेड सर्किट बोर्ड एसेम्ब्ली (PCBA), नेटवर्किङ कम्पोनेन्टहरू, AI सर्भर हार्डवेयर, अटोमोटिभ इलेक्ट्रोनिक्स, र पूर्ण रूपमा एकीकृत बक्स–बिल्ड प्रणालीहरूको उत्पादन । Scope / Nature of Job: Factory Worker / Manufacturing of high-precision printed circuit board assemblies (PCBA), networking components, AI server hardware, automotive electronics, and fully integrated box-build systems.
- बिदाको हकः Leave Entitlement:

| सेवाको अवधि Year of Service | बार्षिक बिदा Annual Leave | बिरामी बिदा (प्रत्येक पात्रो वर्ष) Sick Leave (Each calendar Year) | सार्वजनिक बिदा Public Holiday | अस्पताल भर्ना बिदा Hospitalization Leave |
|---|---|---|---|---|
| २ वर्ष भन्दा कम Less than 2 Years | ८ दिन 8 days | १४ दिन / 14 Days | १५ दिन प्रत्येक पात्रो वर्ष (मलेसियाको श्रम ऐन अनुसार) / 15 Days each calendar year (In accordance with the labour laws in Malaysia) | ६० दिन (प्रत्येक पात्रो वर्ष) / 60 Days (In each calendar year) |
| २-५ वर्ष 2-5 Years | १२ दिन 12 days | १८ दिन / 18 Days | | |
| ५ वर्ष भन्दा बढी More than 5 years | १६ दिन 16 Days | २२ दिन / 22 Days | | |

- प्रत्येक कामदारलाई हप्तामा एक दिन अनिवार्य बिदा उपलब्ध गराइन्छ, र ओभरटाइम सहितको कुल कार्य घण्टा, कानुनले अनुमति दिएको आपतकालीन अवस्था बाहेक, ६० घण्टा भन्दा नबढ्ने व्यवस्था गरिएको छ । Workers are entitled to one compulsory rest day per week, and total working hours, including overtime will not exceed 60 hours, except in emergencies permitted by law.
- नेपालमा हस्ताक्षर गरिएको रोजगार सम्झौता कामदारको हित तथा सुविधामा सुधार हुने अवस्थामा बाहेक कामदार गन्तव्य देशमा पुगेपछि पनि परिवर्तन हुने छैन । The employment contract signed in Nepal shall remain unchanged after the worker's arrival in the destination country, except where amendments are made solely for the worker's betterment.
- आवेदकहरुले कानुनले तोकेको अवस्थामा भन्दा बाहेक आफ्नो व्यक्तिगत पहिचान सम्बन्धी कागजात टाइटानिक वा अन्य कुनै पनि व्यक्ति/संस्थामा जम्मा गर्नु पर्ने छैन । Applicants are not required to deposit their personal identity documents to Titanic or anyone else unless required by law.
- कामदारहरूलाई स्वतन्त्र रुपमा संगठित हुने र सामुहिक हकहितका लागि कानुनले अनुमति दिए बमोजिम भेला हुने अधिकार छ । Workers have the right to freely associate and bargain collectively, where permitted by law.
- कानूनले तोकेको बाहेक कामदारको जागिर नियुक्ति पछि तलबमा कुनै कटौती हुने छैन । No deductions will be made from the worker's salary after placement, except as required by law.
- करार अवधि समाप्ती पश्चात वा उचित अवधिको सूचना दिइ करार अगावै रोजगारी समाप्त गरेमा स्वदेश फिर्ता हुँदा बसोबास भएको स्थान सम्म लाग्ने यातायात तथा निर्बाह खर्च (खाना र बस्न समेत) रोजगारदाताले बहन गर्नेछ । Upon completion of the employment contract, or in case of early termination with adequate notice, return transportation to the worker's habitual residence, including in-transit lodging, will be provided by the employer.
- यस रोजगारीको अवसर प्राप्त गर्नको लागि आवेदक वा आवेदकको परिवारका सदस्य वा अन्य कसैले टाइटानिक म्यानपावर सप्लायर प्रा. लि., यसका कर्मचारी वा अन्य कुनै व्यक्ति र संस्थालाई कुनै नगद रकम वा अन्य कुनै मुल्यवान वस्तुहरू जस्तै सुन, गरगहना, मोबाइल, घडी साथै पशुधन तथा कुनै पनि किसिमको उपहार आदि दिन निषेध गरिएको छ । To secure this employment opportunity, applicants or their family members are prohibited from paying any cash or providing valuable items, including gold, jewellery, mobiles, watches, livestock, or gifts, to Titanic Manpower Supplier Pvt. Ltd., its employees, or any other person or organization.
- यदि कामदारद्वारा भर्ती प्रक्रियाको क्रममा कुनै रकम खर्च गरिएको छ भने, रोजगारदाताको तर्फबाट टाइटानिकले प्रस्थान अघि पूर्ण रूपमा फिर्ता गर्नेछ । If a worker incurs any recruitment-related expenses, Titanic will reimburse the full amount on behalf of the employer, before departure.
- यस भर्तीको लागि कुनै धितो, निक्षेप, ऋणपत्र तथा बचत कार्यक्रमहरूमा सहभागी हुन यस संस्थाले अनुमति दिने वा स्वीकार गर्ने छैन । This organization does not allow or permit any kind of bonds, deposits, or savings programs in this recruitment process.
- यस संस्थाको कुनै पनि शाखा कार्यालय र जिल्ला प्रतिनिधिको कार्यालय नभएको स्पष्ट पार्न चाहन्छौं । तसर्थ इच्छुक आवेदकहरूलाई कुनै पनि एजेन्ट र बिचौलिया प्रयोग नगरी हाम्रो कार्यालयमा सिधै सम्पर्क गर्न अनुरोध गर्दछौं । We notify that this organization does not have any branch office & district representative office. Interested applicants are requested to contact our office directly without using any agent / middleman.
- रोजगारीको लागि आवेदन दिन इच्छुक व्यक्तिले आवेदन फारम भर्नु अघि यस संस्थाको भर्ना पूर्वको अभिमुखीकरण सत्रमा अनिवार्य रुपमा उपस्थित हुनुपर्नेछ जहाँ आवेदकहरूलाई कामको प्रकृति, ज्याला र लाभहरू तथा काम सम्बन्धी सम्पूर्ण विवरणहरूको बारेमा जानकारी दिइन्छ । Any applicant willing to apply for this job must attend a pre-recruitment orientation to receive information including but not limited to the nature of job, wages, benefit, and other relevant details before submitting the application.
- भर्ती प्रक्रियामा सम्पूर्ण आवेदकलाई रोजगार छनोट गर्न पूर्ण स्वतन्त्रता प्रदान गरिएको छ । तसर्थ सम्पूर्ण इच्छुक आवेदकहरूले कहीं कसैबाट जबरजस्ती, बाध्यता वा धम्कीमा नपरी आफ्नै स्वेच्छामा आवेदन दिन सक्नु हुनेछ । All applicants have the freedom to choose employment and can apply voluntarily without being forced, compelled or threatened by anyone.
- टाइटानिक रोजगारीको समान अवसर सिद्धान्तमा प्रतिबद्ध छ । यस संस्थाको नीतिले कुनै पनि उमेर, लिङ्ग, जाति, धर्म, राजनैतिक आवद्धता, भौगोलिक स्थान, फरक योग्यता, चिकित्सकिय इतिहास, वैवाहिक स्थिति वा अन्य कुनै कुरालाई आधार नबनाई सबैलाई समान अवसर प्रदान गर्दछ । आवेदकहरूलाई व्यक्तिगत विशेषताहरूको सट्टा उनीहरूको सीप, क्षमता र योग्यताको आधारमा मात्र रोजगारीका लागि छनोट गरिन्छ । TITANIC is committed to the principles of equal employment opportunity for all, regardless of age, gender, race, religion, politcal affiliation, geographical location, different ability, medical history, marital status or any other basis. The applicants are selected for the employment solely based on their skills, abilities and qualifications rather than personal characterisctics.

**उम्मेदवार दर्ता तथा प्रारम्भिक छनोट फारम / Candidate Registration & Initial Screening Form**
उम्मेदवार दर्ता र प्रारम्भिक छनोट पूरा गर्न कृपया QR कोड स्क्यान गर्नुहोस् । छनोट (Shortlisted) भएका उम्मेदवारहरू-लाई मात्र प्रि-अन्तर्वार्ताको लागि सम्पर्क गरिनेछ ।
अनलाइन दर्ता २०८३ असोज १ गते को बिहान ९:३० बजेदेखि दिउसो ३:०० बजेसम्म खुल्ला रहनेछ ।
Please scan the QR code to complete the candidate registration and initial screening. Only shortlisted candidates will be contacted for a pre-interview.
Online registration will open on 17 September 2026 at 9:30AM to 3:00PM.

**टाइटानिकको गुनासो दर्ता माध्यम / Titanic Grievance Reporting Channel**
यदि तपाईंसँग कुनै गुनासो वा सुझाव छ भने, तल उल्लेखित सम्पर्क माध्यम मार्फत हामीलाई जानकारी गराउनु हुन अनुरोध गर्दछौं । तपाईंले प्रदान गर्ने सबै जानकारी र पहिचान पूर्ण रूपमा गोप्य राखिनेछ, र आवश्यक कदमहरू तुरुन्तै चालिनेछन् । If you have any grievances or feedback, please reach out to us using the contact details provided below. All information and identities will be kept strictly confidential, and necessary actions will be taken promptly.
+९७७-९८०१००४३४५ / +977-9801004345 grievance@titanicmanpower.com

**स्वतन्त्र तेस्रो पक्षीय अनुगमनकर्ता / Independent Third-Party Monitor**
माइग्रेशन दृष्टि नेपालमा रहेको परामर्शदाता संस्था हो, जसलाई NationGate को नैतिक भर्ना प्रक्रिया अनुगमन गर्न नियुक्त गरिएको छ । यो प्रक्रियामा कुनै समस्या भएमा +९७७ ९८०७१९९३२० मा माइग्रेशन दृष्टिलाई सम्पर्क गर्न सक्नुहुनेछ । शून्य लागत भर्ना प्रक्रियासम्बन्धी समस्या भए/नभएको बुझ्न र स्वतन्त्र प्रमाणिकरणकालागि उनीहरूले तपाईंसँगहरुलाई व्यक्तिगत रूपमा भेट्नेछन् । Migration Dristi is a Nepal-based consultancy organisation appointed to monitor NatoonGate's ethical recruitment practices. If you face any issues throughout this recruitment process, feel free to contact their hotline at +977 9807199320. They will also meet you in person to understand your experience with the zero-cost recruitment process and conduct the final verification/audit.
MD MIGRATION DRISTI

**प्रि-अन्तर्वार्ता टाइटानिक कार्यालय परिसर, बसुन्धारा - 03, काठमाडौंमा २०८३ असोज ६ गते हुनेछ।**
**Pre Interview will be held on 22 September 2026 at TITANIC office, Basundhara - 03, Kathmandu.**
**फाइनल अन्तर्वार्ता टाइटानिक कार्यालय परिसर, बसुन्धारा - 03, काठमाडौंमा २०८३ असोज ८ गते हुनेछ।**
**Final Interview will be held on 24 September 2026 at TITANIC office, Basundhara - 03, Kathmandu.**

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:- १. आफ्नो नाममा भिसा प्राप्त भएको सुनिश्चित गर्नुहोस् । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं. हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस् । ४. विदेश जानु अघि अभिमुखिकरण तालिम अनिवार्य लिनुपर्नेछ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस बिज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला । Information provided by the Department of Foreign Employment (DOFE):- 1. Confirm that visa is issued under your name 2. Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble 3. Be clear on the services, facilities and salary that is mentioned in this advertisement 4. Before going abroad orientation or induction training should be attended compulsorily 5. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same 6. While going abroad use International Airport of Nepal or else you might be deceived 7. If you want to know more details regarding this advertisement. Please contact Department of Foreign Employment (DOFE), Tahachal.

TITANIC Ethical Recruitment Agency Since 2002
CELEBRATING 24 years
TFHI - OTL Certified Recruitment Agency
ISO 9001:2015 Certified Recruitment Agency

**टाइटानिक म्यानपावर सप्लायर प्रा . लि. (Titanic Manpower Supplier Pvt. Ltd.)**
**इजाजतपत्र नं: २८५/०५८/०५९ (Licence No. 285/058/059)**
बसुन्धारा चौकी, काठमाडौं, नेपाल (Basundhara Chauki, Kathmandu, Nepal)
+९७७-१-४९५३२५२, ४९६४६५९ (+977-1-4953252, 4964659)
आधिकारिक सम्पर्क व्यक्तिः शिशीर पौड्याल (Offical Contact Person : Shishir Poudyal)
सम्पर्क नम्बरः +९७७-९७१-२०६५५३८ (Contact Number : + 977-971-2065538)
www.titanicmanpower.com recruitment@titanicmanpower.com
Titanic Manpower Supplier www.tiktok.com/@titanic.manpower
"An Ethical Recruitment Agency Where Integrity Matters"

# चिलिमे सुरुङमा चार शव फेला



**काठमाडौं/मस–** चिलिमे जलविद्युत् आयोजनाको सुरुङमा खोज तथा उद्धारका क्रममा चार शव र एक मानव अंग फेला परेको छ। नेपाली सेनाका अनुसार गोताखोरसहितको संयुक्त उद्धार टोलीले सुरुङमा ब्रेकथ्रु गरी अन्तिम किनारासम्म खोजी गर्दा ती शव तथा मानव अंग फेला पारेको हो ।

फेला परेका शव तथा मानव अंगलाई नेपाली सेनाको हेलिकप्टरमार्फत त्रिशूली ल्याइएको सेनाले जनाएको छ । सेनाका अनुसार यसअघि भदौ १५ गते पनि सोही सुरुङबाट एक शव र एक मानव अंग फेला परेको थियो । पछिल्लो खोजीसँगै चिलिमे सुरुङबाट फेला परेका शव तथा मानव अंगको संख्या थपिएको छ। चिलिमे सुरुङमा गोताखोरसहितको संयुक्त उद्धार टोलीले खोजी कार्य गरिरहेको छ । सुरुङमा ब्रेकथ्रु भएपछि टोलीले अन्तिम किनारासम्म पुगेर खोजी गरेको सेनाले जनाएको छ ।

### अन्य सुरुङमा पनि खोजी

नेपाली सेनाका अनुसार लाङटाङ जलविद्युत् आयोजनाको सुरुङमा विदेशी प्राविधिकसहितको संयुक्त उद्धार टोलीले खोजी गरिरहेको छ। माथिल्लो त्रिशूली-१ को सुरुङभित्र आयोजनाका प्रतिनिधिसहितको संयुक्त उद्धार टोलीले खोजी गरिरहेको छ । त्रिशूली-३ ए को सुरुङ र पावर हाउस क्षेत्रमा पनि संयुक्त टोलीले खोजी गरिरहेको सेनाले जनाएको छ । त्रिशूली-३ बीमा नेपाली सेनासहितको संयुक्त टोलीले एक्स्काभेटर र लोडर प्रयोग गरी खोजी गरिरहेको छ। आयोजनाको आवास क्षेत्रमा दुई आवास भवनको प्लिन्थ क्षेत्रबाहेक अन्य संरचना फेला नपरेको सेनाले जनाएको छ। त्यहाँ खोजी कार्य जारी छ ।

### प्रभावित क्षेत्रमा खोजी

सेनाले रसुवा र नुवाकोटका त्रिशूलीपारि कोलोनी, तुप्चे, दानसिङ, सामरी भञ्ज्याङ, कालिकास्थान र मान्चेतलगायत स्थानमा बेस स्थापना गरी पैदल गस्तीमार्फत खोजी गरिरहेको जनाएको छ । स्याफ्रुबेसी क्षेत्रमा तीनवटा समूहले खोजी गरिरहेका छन् । साँघुरा सुरुङको रेकी, प्रभावित क्षेत्रमा खोज तथा मूल्यांकन र सडक सम्पर्कबाट विच्छेद भएका दुर्गम स्थानमा ड्रोनमार्फत राहत सामग्री ढुवानीको काम पनि भइरहेको सेनाले जनाएको छ ।

नेपाली सेनाका अनुसार रसुवाको टिमुरेदेखि नुवाकोट, धादिङ, चितवन र नवलपरासी पूर्वका प्रभावित क्षेत्रमा ८ हजार ९ सयभन्दा बढी सैनिक प्रत्यक्ष रूपमा परिचालित छन्। उनीहरूले घाइतेको खोज तथा उद्धार, शव व्यवस्थापनमा सहयोग, राहत सामग्री ढुवानी, अवरुद्ध सडक तथा पुल सञ्चालन र आपत्कालीन उपचारमा समन्वयात्मक रूपमा काम गरिरहेका छन् ।

# नक्सा संशोधनका लागि एक लाख घुस लिएको आरोपमा सर्वेक्षक पक्राउ

**काठमाडौं/मस–** जग्गाको नक्सा संशोधन गरिदिने भन्दै सेवाग्राहीसँग एक लाख रुपैयाँ घुस लिएको आरोपमा महोत्तरीका एक सर्वेक्षक पक्राउ परेका छन् ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगका अनुसार बर्दिवास नगरपालिका-१ स्थित नापी कार्यालयमा कार्यरत सर्वेक्षक शिवकुमार साहलाई घुस रकमसहित नियन्त्रणमा लिइएको हो ।

जग्गाको अंशबन्डाअनुसारको नक्सा ट्रायल चेक गरी नक्सा संशोधन गरिदिने भन्दै साहले सेवाग्राहीलाई दुःख हैरानी दिई घुस रकम माग गरेको भन्ने सूचना तथा उजुरीका आधारमा अख्तियारको बर्दिवास कार्यालयबाट टोली परिचालन गरिएको थियो । टोलीले साहलाई सेवाग्राहीबाट घुसबापत लिएको एक लाख रुपैयाँसहित भदौ ३० गते नापी कार्यालयअगाडि रहेको एक खाजाघरबाट नियन्त्रणमा लिएको अख्तियारले जनाएको छ। अख्तियारका अनुसार साहविरुद्ध घुस/रिसवतसम्बन्धी भ्रष्टाचार मुद्दामा अनुसन्धान अघि बढाइएको छ । विशेष अदालतको आदेशबाट भदौ ३१ गते म्याद थप भई अनुसन्धान जारी रहेको आयोगका प्रवक्ता सुरेश न्यौपानेले जानकारी दिएका छन् ।

## नबिल बैंक लिमिटेड, नारायणगढ मिलनरोड शाखा, चितवनको धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सूचना गोप्य सिलबन्दी बोलपत्र आव्हान गरिएको सम्बन्धी

**(प्रकाशित मितिः २०८३/०६/०१)**

यस बैंकबाट कर्जा लिएका तपसिल बमोजिमका ऋणी कम्पनीले तथा सो को धितो जमानतकर्ताले ऋण लिँदा गरिदिएको लिखत र ऋण स्वीकृतीपत्रको शर्तमा तोकिए बमोजिम बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा किस्ता तथा ब्याँज समेतका रकमहरु तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्वन्धी शर्त कबुलियतहरु उल्लङ्घन गरेकोले कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना मिति **२०८३/०४/१८ को आर्थिक दैनिक पत्रिका**मा प्रकाशित गरिएकोमा सो बमोजिम समेत ऋणी तथा जमानतकर्ता कसैले पनि ऋणकर्जाको बाँकी सावाँ ब्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नतिरेको/नबुझाएको एवं ऋण/जमानत दायित्व फछ्र्यौट नगरेको हुनाले ऋणी एवं धितो जमानतकर्ताले यस बैंकलाई लेखिदिएको तपशिल बमोजिमको चल अचल सम्पत्ति धितो जहाँ जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्थामा र परिमाणमा प्रचलित कानून, बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ एवं बैंक नियम अनुसार गोप्य सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गर्नका लागि यो १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

धितोमा रहेको उक्त सम्पत्तिहरु गोप्य सिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित सघं सस्थाले यो सूचना प्रकाशित भएको **पन्ध्र (१५) दिन** (सो दिन बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समयभित्र बोलपत्र फाराममा उल्लेखित शर्तहरुको अधीनमा रही रितपुर्वक भरी यस बैंकको **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं वा नारायणगढ मिलनरोड शाखा, चितवन**मा आईपुग्ने गरी गोप्य सिलबन्दी बोलपत्र आवेदन पेश गर्न हुन आव्हान गरिन्छ ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ । प्रस्तुत लिलाम बिक्री प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा वा धितोको सम्पत्ति लिलामबाट कसैले सकार गरी नलिएमा बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने व्यहोरा समेत ऋणी, धितो जमानतकर्ता एवं सम्बन्धित सबैमा जानकारी गराईन्छ । साथै, लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असूली सम्बन्धी ऐन, २०५८, सो को नियमावली, २०५९ तथा प्रचलित कानून बमोजिम ऋणी तथा जमानतकर्ताको अन्य चल अचल जायजेथा, श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनु हुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्धारा अवगत गराईन्छ ।

### तपसिल

#### ऋणी फर्मको नाम र ठेगानाको विवरण

प्रादेशिक व्यापार तथा व्यवसाय सम्बन्धी ऐन २०७६ बमोजिम बागमती प्रदेश सरकार, उद्योग वाणिज्य भुमि तथा प्रशाशन मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय उद्योग तथा वाणिज्य कार्यालय भरतपुर चितवनमा मिति **२०७६/०३/२०** मा प्रा.फ.र.नं. १५३३/०७५/०७६ (स्थानिय व्यापार) अन्तर्गत दर्ता भएको **थ्रि ब्रदर्श एग्री इन्पुट्स ।**
ठेगाना : भरतपुर -०९, चितवन ।

**ऋणी फर्मको प्रोपाइटर नाम र ठेगानाको विवरणः**
पूर्ण सिंह सूर्यवंशीको नाती ,रत्न कुमार सूर्यवंशीको छोरा, नवलपरासी जिल्ला त्रिवेणीसुस्ता गा.वि.स. वडा नं. ०५, घर भई हाल नवलपरासी जिल्ला त्रिवेणीसुस्ता गा.वि.स. वडा नं. ०५ बस्ने ना.प्र.नं. ४७६५४ (जारी मितिः २०५५/०८/०१, स्थान नवलपरासी) भएका **मदन कुमार सूर्यवंशी ।**

#### व्यक्तिगत जमानतकर्ताको विवरण

रत्न कुमार सूर्यवंशीको बुहारी, मदन कुमार सूर्यवंशीको श्रीमती , नवलपरासी जिल्ला त्रिवेणीसुस्ता गा.वि.स. वडा नं. ०९, घर भई हाल नवलपरासी जिल्ला त्रिवेणीसुस्ता गा.वि.स. वडा नं. ०५ बस्ने ना.प्र.नं. ५२१३३ (जारी मितिः २०५६/०८/२९, स्थान नवलपरासी) भएकी **विन्दा सूर्यवंशी ।**

#### धितोको विवरण

**धितोमा रहेको घर/जग्गाको विवरणः**
**थ्रि ब्रदश एग्री इन्पुट्स**को नाममा दर्ता भई यस बैंकको पक्षमा रोक्का रहेका चितवन भरतपुर ६क मा अवस्थित कि.नं.२०२६ क्षेत्रफल ०-७-०-० विघा को घर/जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

**लिलामबिक्री सम्बन्धी अन्य शर्तहरु :**

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फाराम बैंकको **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं वा नारायणगढ मिलनरोड शाखा, चितवन** बाट कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ ।
२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र अर्थात मिति २०८३/०६/१५ गते ५:०० बजे भित्र यस बैंकको **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं वा नारायणघाट मिलनरोड शाखा, चितवन**मा बुझाई सक्नु पर्नेछ ।
३. प्राप्त बोलपत्रहरु मिति २०८३/०६/१६ गते ३:०० बजे बैंकको **नारायणघाट मिलनरोड चितवन**मा उपस्थित प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । तर बोलपत्रदाता, निजको प्रतिनिधि वा अन्य प्रतिनिधिको उपस्थिती नहुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन ।
४. बोलपत्र बुझाउने अन्तीम दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्त दिनको ५:०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ । त्यस्तै बोलपत्र खोल्ने दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिन ३:०० बजे बोलपत्र खोलिनेछ ।
५. लिलामगर्न लागिएको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थमा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नु पर्नेछ । बोलपत्र पेश गर्दा कुन कुन धितोको सम्पत्तिको लागि के कति बोलकबुलगर्न खोजिएको हो स्पष्ट खुलाई पेश गर्नुपर्नेछ । बैंकले सबै वा कुनै धितो पूर्ण वा आंशिक रुपमा समेत स्वीकार गर्न सक्नेछ, यस सम्बन्धी अन्तीम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ ।
६. बोलपत्रमा आफुले सकार गरी लिनचाहेको सम्पत्ति के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षर मा स्पष्टसाग लेखिएको हुनु पर्नेछ र आफुले कवोल गरेको रकमको कम्तिमा १० (दश) प्रतिशत रकम बैंकमा नगदै जम्मा गरेको सक्कल भौचर वा बैंकको **नाम**मा खिचिएको "गुड फर पेमेण्ट" अर्थात् "भुक्तानी योग्य चेक" (Good for Payment Cheque) वा ड्राफ्ट वा मेनेजर/बैंकर्स चेक वा बैंक जमानत संलग्न गरी तोकिएको म्याद भित्रैमा बैंकमा पेश गर्नु पर्नेछ । धरौटी स्वरुप जम्मा गरिएको रकममा व्याज दिईने छैन ।
७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखित रुपमा पठाईनेछ । स्वीकृत बोलपत्रदाताले बैंकले तोकेको अवधीभित्र आफुले कबुल गरेको सम्पूर्ण रकम नगदै जम्मा गर्नुपर्नेछ । साथै उक्त समय भित्र कवुल गरेको रकम दाखिला नगरेमा धरौटी वापत राखिएको रकम बैंकले जफत गर्न सक्नेछ ।
८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण शुल्क/दस्तुर सकार गरी लिने व्यक्ति स्वयंले तिर्नु बुझाउनु पर्नेछ ।
९. कुनै अड्डा, अदालतबाट लिलाम सम्बन्धी कार्य रोक्का वा वदर गर्ने आदेश भएमा लिलाम रोक्का वा वदर हुनेछ । त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटीवापत जम्मा गरेको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिईनेछ । तर सो मा कुनै व्याज प्रदान गरिने छैन ।
१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ । रीत नपुर्‍याई दर्ता हुनआएको बोलपत्रउपर कुनै कारवाही हुने छैन । साथै, बैंकलाई आवश्यक लागेमा यस लिलामी प्रक्रियामा परेका बोलपत्रहरुलाई यथावत राखी Swiss Challenge Auction Model अनुसार पुनः धितो लिलामको सूचना प्रकाशित गर्न सक्नेछ । सो सम्बन्धी व्यवस्था बैंकद्वारा स्वीकृत Swiss Challenge Auction Model को कार्यविधि अनुसार हुनेछ ।
११. लिलाम बिक्री गरिने सम्पत्तिको बारेमा थप जानकारी आवश्यक परेमा यस बैंकको **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं वा नारायणगढ मिलनरोड शाखा, चितवन**मा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ ।
१२. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ ।

NABIL BANK®
प्रधान कार्यालय, दरवारमार्ग, काठमाडौं फोन नं. ०१-४९७२४५२, ९८०५६७३४७४

## बुढीगंगा गाउँपालिका
## गाँउ कार्यपालिकाको कार्यालय
## बुढीगंगा पालिका अस्पताल

**बुढीगंगा – ०३, मोरङ**
**कोशी प्रदेश, नेपाल**

### आधिकारिक आपूर्तिकर्ता (बिक्रेता) सूचीकृत हुने तथा दररेट पेश गर्ने सम्बन्धी सूचना ।

**(प्रथम पटक प्रकाशित मितिः २०८३/०६/०१ गते बिहीबार)**

यस अस्पतालको खरिद समितिको मिति २०८३/०५/३१ गतेको निर्णय नं.२ तथा स्वीकृत वार्षिक कार्यक्रम अनुसार आ.व. २०८३/०८४ का लागि आवश्यक पर्ने तपसिल बमोजिमका मेडिकल औजार/उपकरणहरूमा प्रयोग हुने किट्स, केमिकल, एसेसोरिज, पार्टपूर्जा तथा मर्मत-सम्भार सम्बन्धी परामर्श सेवाहरू (*Proprietary / Closed Items*) खरिद गर्नुपर्ने भएको छ । **सार्वजनिक खरिद ऐन, २०६३ (संशोधन सहित) को दफा ४१ को उपदफा १ (ग) र सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधन सहित) को नियम ८५ को उपनियम (३) र (६)** बमोजिम इच्छुक उत्पादक कम्पनी, आधिकारिक बिक्रेता वा तोकिएका आधिकारिक एजेन्टहरूबाट प्राविधिक तथा आर्थिक प्रस्ताव आह्वान गरिन्छ ।

१. **विवरण (अनुमानित लागत, दस्तुर तथा जमानत):**
- **अनुमानित लागत (मू.अ.क. र अन्य करसहित):** रू. १,४६,९१,५७५/- (अक्षरेपीः एक करोड छयालिस लाख एकानब्बे हजार पाँच सय पचहत्तर मात्र) ।
- **प्रस्ताव दस्तुर (गैर-फिर्ता हुने):** रू. ३,०००/- (तीन हजार मात्र) ।
- **जमानत (Bid Security) र मान्यता अवधि:** रू. ४,५०,०००/- (चार लाख पचास हजार मात्र) र प्रस्ताव खोल्ने अन्तिम मितिले कम्तीमा ९० (नब्बे) दिन ।

२. **समय तालिका तथा स्थान:**
- **प्रस्ताव फाराम बिक्री हुने मिति र समय:** २०८३/०६/०१ गते देखि कार्यालय समयसम्म ।
- **प्रस्ताव पेस गर्ने अन्तिम मिति र समय:** २०८३/०६/१५ गते दिउँसो १२:०० बजेसम्म ।
- **प्रस्ताव खोल्ने मिति र समय:** २०८३/०६/१६ गते दिउँसो ०१:०० बजे।
- **स्थान:** बुढीगंगा पालिका अस्पताल, बुढीगंगा-०३, मोरङ।

*(द्रष्टव्यः प्रस्ताव पेस गर्ने वा खोल्ने दिन सार्वजनिक बिदा परे तापनि सोही दिन तोकिएको समयमा कार्य हुनेछ।)*

३. **बैंक खाता विवरण:**
प्रस्ताव दस्तुर वा नगद जमानत दाखिला गर्नका लागि बैंक खाता विवरण:
- **बैंकको नाम:** राष्ट्रिय वाणिज्य बैंक, महेन्द्रचौक, विराटनगर
- **कार्यालयको नाम:** बुढीगंगा पालिका अस्पताल *(वा बाँसबारी पालिका स्तरीय आधारभूत अस्पताल)*
- **खाता नम्बर:** 2650100000244001

**English Description:**
- **Name of the Bank:** Rastriya Banijya Bank, Mahendrachowk
- **Name of Office:** BUDHIGANGA PAALIKA HOSPITAL
- **Account No.:** 2650100000244001

४. **आवश्यक कागजातहरू:**
- नवीकरण सहितको फर्म/कम्पनी दर्ता प्रमाणपत्र
- मूल्य अभिवृद्धि कर (VAT) दर्ता प्रमाणपत्र
- व्यवसाय दर्ता इजाजत-पत्र
- आ.व. २०८२/०८३ को कर चुक्ता प्रमाणपत्र
- खरिद कारबाहीमा भाग लिन अयोग्य नभएको स्व-घोषणापत्र
- सम्बन्धित कम्पनीको आधिकारिक बिक्रेताको प्रमाण-पत्र (उत्पादक कम्पनीदेखि सप्लायर्स सम्मको Authorization Letter)

५. **प्रस्ताव पेश गर्ने प्रक्रिया तथा शर्तहरू:**
- **पेश गर्ने तरिका:** तपसिलका मेसिनहरूमा लाग्ने किट्स, केमिकल र मुख्य-मुख्य पार्ट्सहरू (*System Pack Reagent and Disposal*) को प्राविधिक र आर्थिक प्रस्ताव छुट्टाछुट्टै खाममा शिलबन्दी गरी, ती दुवै खामलाई अर्को बाहिरी खामभित्र बन्द गर्नुपर्नेछ। बाहिरी खाममा **"बुढीगंगा पालिका अस्पताल, बुढीगंगा-०३, मोरङ"** सम्बोधन गरी **"आर्थिक तथा प्राविधिक प्रस्ताव"** र सूचीकृत हुने कम्पनी/फर्मको नाम प्रस्ट उल्लेख हुनुपर्नेछ ।
- **मूल्याङ्कन तथा सम्झौता:** सार्वजनिक खरिद ऐन; २०६३(दोश्रो संशोधनसहित) तथा सार्वजनिक खरिद नियमावली; २०६४ (सोह्रौं संशोधनसहित) बमोजिम प्राविधिक रूपमा सफल र कबोल गर्ने (Evaluation Criteria पुरा गर्ने) आधिकारिक आपूर्तिकर्तासँग सम्झौता गरिनेछ । रीत नपुगेका, कागजात नपुगेका वा म्याद नाघी आएका प्रस्तावहरू स्वतः रद्द हुनेछन् ।

**तपसिल: उपकरणहरूको विवरण (Details of Equipments)**

| क्र.सं. | Equipment Name | Company Name | Model No. | Remarks |
|---|---|---|---|---|
| १ | 5 Part Haematology Analyzer | Kapitol | KT 80 | |
| २ | Fully Biochemistry Analyzer | Erba | XL 200 | |
| ३ | Chemiluminescence Analyzer | Norman | CL 211 | |
| ४ | Semi-Automatic Biochemistry Analyzer | AGAPPE | NB201 | |
| ५ | Sodium Potassium Analyzer | Kapitol | STATLYTE-C | |
| ६ | Specific Protein Analyzer | Agappe | Mispa-i3 | |

**द्रष्टव्य / विशेष शर्तहरू:**

१. **दररेट सीमा:** केमिकल तथा किट्सको दररेट साविकको खरिद र प्रचलित बजार मूल्यभन्दा बढी नहुने गरी पेश गर्नुपर्नेछ ।
२. **आपूर्ति परिमाण:** सामाग्रीको परिमाण निश्चित गरिने छैन; अस्पतालको खपत र आवश्यकता अनुसार पटक-पटक माग (Purchase Order) गरिनेछ। यसमा आपूर्तिकर्ताको दाबी विरोध रहने छैन।
३. **ढुवानी र समय सीमा:** अस्पतालले माग गरेको समयमा सामाग्री आपूर्ति गर्नुपर्नेछ। तोकिएको समयभित्र सामाग्री आपूर्ति नगरेमा खरिद ऐन तथा नियमावली बमोजिम कार्यसम्पादन जमानत जफत तथा कालोसूची प्रक्रिया अघि बढाइनेछ ।
४. **गुणस्तर तथा सेवा:** सामाग्रीहरू तोकिएको गुणस्तर मापदण्ड अनुसार हुनुपर्नेछ। अस्पतालसम्मको ढुवानी, जडान (Installation), QC/क्यालिब्रेसन, दैनिक जाँच तथा कर्मचारी अभिमुखीकरण (Orientation) निःशुल्क गर्नुपर्नेछ । **साथै अस्पतालमा आवश्यकता अनुसार हरेक महिनको पहिलो हप्ता (कम्तिमा १–१ महिनामा ) वा अस्पताललाई आवश्यक परेको खण्डमा अस्पतालमा अनिवार्य उपस्थित रहेको संबन्धित मेसिनको मर्मत सम्भार निशुल्क गर्नुपर्नेछ र संबन्धित आपूर्तिकर्तालाई जानकारी भएको तिन दिन भित्र उपस्थित नभएमा अस्पतालले स्वयम्ले मर्मतको प्रक्रिया अघि बढाउन सक्नेछ र जति मर्मतमा रकम लाग्नेछ सो क्षेतिपूर्ति सम्बन्धित आपूर्तिकर्ताबाट असुल उपर गरिनेछ ।**
५. **वैकल्पिक सामाग्री:** सूचीमा उल्लिखित सामाग्रीको mandatory दर-रेटका साथै अन्य उपयुक्त विकल्प भएमा तिनको पनि इकाई दररेट खुलाएर पेश गर्न सकिनेछ ।
६. **स्वीकृति र अंक/अक्षर:** सामाग्रीको स्वीकृति Item-wise गरिनेछ । प्रति-इकाई दररेट अंक र अक्षर दुवैमा स्पष्ट लेख्नुपर्नेछ (अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ) ।
७. **भुक्तानी प्रक्रिया:** नियमानुसार रीतपूर्वक सामाग्री दाखिला भएपछि बिल पेस भए बमोजिम भुक्तानी प्रक्रिया अघि बढाइनेछ ।

**डा.सुरज थापा मगर**
**अस्पताल मे.सु.**
**बुढीगंगा पालिका अस्पताल**


VACANCY
ANNOUNCEMENT

यस म्यानपावर कम्पनीको लागि कर्मचारी आवश्यकता भएको हुँदा दक्ष व्यक्तिहरुले आफ्नो योग्यताको प्रमाणपत्रका साथ सम्पर्क गर्नुहोला ।

☑ Public Relations Officer (PRO) - 2 (Male/Female)

योग्यता :
- सम्बन्धित कामको अनुभव भएको हुनुपर्नेछ ।
- जिम्मेवारीपूर्वक काम गर्न सक्ने ।
- सम्बन्धित क्षेत्रमा राम्रो ज्ञान तथा अनुभव भएको ।

तलब आपसी सहमतिमा

सम्पर्क : ९८५१०३८९०१ WhatsApp : ९८१८५५००५३

इच्छुक तथा योग्य उम्मेदवारहरुले सम्पर्क गर्नुहोला ।

SHARON MANPOWER SERVICES PVT.LTD.
P.O. Box : 10443, Maharajgunj-04, Kathmandu, Kapan Marg
Phone : 01-4370530, 01-4370922, 01-4370457
Email: sharonhrsolution@gmail.com, Info@sharonmanpower.com
Govt Lic. No.: 647/063/064

कर्मचारी आवश्यकता

यस कम्पनीलाई निम्न कर्मचारीहरु आवश्यक भएको हुँदा अनुभवी व्यक्तिहरुले आफ्नो योग्यताको प्रमाणपत्रका साथ सम्पर्क गर्नुहोला ।

★ प्रबन्धक – १ (पुरुष/महिला)
– वैदेशिक रोजगार क्षेत्रमा कम्तीमा ४ वर्षको कार्य अनुभव भएको ।
★ डकुमेन्टेशन अफिसर – २ (पुरुष/महिला)
– दुबईमा काम गरेको कम्तीमा २ वर्षको कार्य अनुभव भएको ।
★ पी.आर.ओ. – ४ (पुरुष/महिला)
– खाडी मुलुकमा काम गरेको कम्तीमा २ वर्षको कार्य अनुभव भएको ।

तलब आपसी समझदारीमा तथा कार्यालय सञ्चालक सँगको अन्तर्वार्तापछि तय गरिनेछ ।

एलायन्स ह्युमन रिसोर्सेज प्रा. लि.
सिनामंगल-९, काठमाडौं, नेपाल, सम्पर्कः +९७७-१४५६२३४४, ९८०१०२२५६९
इमेल : info@alliancenepal.com, hr@alliancenepal.com
वेबसाइट : www.alliancenepal.com
इजाजत पत्र नं.: ६९०/०६३/०६४

यूएईमा रोजगार
कम्पनीः ORION SECURITY SERVICES LLC. शहरः ABU DHABI
पूर्व स्वीकृत मितिः २०८२/०२/०७ चलानी नं.: ६०२३८२४८ L.T. No.: 324319 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard Psbd | 148 | 0 | स. काममा दक्ष | 2000 | ८३,४४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८३ असोज ८ गते (24 September 2026) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

AIR KINGS PLACEMENT PVT. LTD.
Kupandole, Lalitpur, Nepal, Tel: 01-5524006, 5427196
Mob. : 980-3784885, 984-3834191,9709051745,982-7903113, 9801442878
Gov. Lic. No. 712/064/065

साइप्रसमा रोजगार
कम्पनीः D.I. MAIN LINE JOB AGENCY LTD शहरः LIMASSOL
पूर्व स्वीकृत मितिः २०८२/१२/३० चलानी नं.: ६०२५३९६७ LT. No.:340532 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Sales | 0 | 25 | स. काममा दक्ष | 950 | १६४,८६३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ असोज ८ गते (24 September 2026) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु १०,०००/- |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

BASANTA EMPLOYMENT PVT. LTD.
License No: 1752/081/082
Sinamangal-9, Kathmandu, Nepal, Ph No: +977-1-4534056, +977 9848359334, 9709090813
Email: basantakhadkaofficial@gmail.com, info.basantaemt@gmail.com, Web: www.basantaemployment.com

यूएईमा रोजगार
कम्पनी : EXPLORER FOR EMPLOYMENT SERVICES - LLC शहर : UAE
पूर्व स्वीकृत मितिः २०८३/०३/०४ चलानी नं.: ६०२५७०६९ L.T. No.: 343711 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Carpenter | 25 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | ६२,५८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Concrete Masons | 25 | 0 | | 1500 | ६२,५८० | | | | | | | |
| 3. | Construction Labouers | 23 | 0 | | 1200 | ५०,०६४ | | | | | | | |
| 4. | Steel Fixer | 3 | 0 | | 1500 | ६२,५८० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ असोज ८ गते (24 September 2026) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु १०,००० |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

BRIDGE SKY H.R. SOLUTION PVT.LTD.
श्रम इजाजत पत्र नं. १८४४/०८२/०८३
Tokha-10, Samakushi, Kathmandu, Nepal, Tel No : +977-1-4980272, 4980273, 9866669944 (OSHIN LIMBU)
Email : bridgeskyhr@gmail.com, info@bridgeskyhr.com.np, Web : www.bridgeskyhr.com.np

कतारमा रोजगार
कम्पनी : ORANGE DESERT CLEANING AND HOSPITALITY SERVICES शहरः QATAR
पूर्व स्वीकृत मितिः २०८३/०५/३१ चलानी नं.:६०२६११५० LT. No.: 347973

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | A Cleaner | 4 | 4 | सम्बन्धित काममा दक्ष | 1000 | ४२०४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Waitresses | 0 | 4 | | 1400 | ५८८५६ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८३ असोज ८ गते (24 September 2026) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

"A friend at your service"
Pasa INTERNATIONAL PVT. LTD.
Kupondol, Lalitpur, Tel: 5439331, 5454499
Web: www.pasainternational.com.np
Email: pimt@pasa.wlink.com.np, pimt@pasainternational.com.np
श्रम इजाजत पत्र नं. ११६/०५५/५६

साइप्रसमा वैदेशिक रोजगारीको अवसर
कम्पनी : A.S.CAREER CONNECT SERVICES-578 LIC.NO. शहर : CYPRUS,LIMASSOL
पूर्व स्वीकृत मितिः २०८३/०५/३१ चलानी नं.: ६०२६११८७ LT. No.: 347860

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | GENERAL WORKER | 5 | 10 | सम्बन्धित काममा दक्ष | 500 | ८८४०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | DOMESTIC WORKER | 0 | 5 | | 400 | ७०७२० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ असोज ८ गते (24 September 2026) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु १०,००० |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

G.C. INTERNATIONAL GROUP PVT. LTD.
Sinamangal -09, Airport, Kathmandu, Nepal. Tel No: 01- 4533603, 4533903,
Mobile No: +977 9851448936,9851405536, 9701018395, 9768793642, 9701018390, 9701018394, 9700053820, 9768400050
Website: www. gcintcgroup.com, E-Mail: info@gcintcgroup.com
Gov Lic No: 1772/081/082

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

१ असोज २०८३ बिहीबार
17 September 2026 Thursday

## सम्पादकीय

# बाढी प्रभावितलाई भरोसा दिलाऊ

भोटेकोशीको अकल्पनीय बाढीले घर भत्कायो । सम्पत्ति बगायो र सयौंको जीवन खोसेको छ । यसको असर आँखाले देखिने क्षतिमै मात्र सीमित छैन । विपद् सकिएपछि पनि त्यसले मानिसको मनमा लामो समयसम्म त्रास, असुरक्षा र बेचैनी छाडेको छ । त्यसैले विपद्पछिको पुनर्स्थापनामा घाइते मनको उपचारलाई पनि उत्तिकै प्राथमिकता दिनुपर्ने भएको छ । बाढी प्रभावितले आँखैअघि आफन्त बगेको देखेका छन् । सयौंले अभिभावक गुमाएका छन् । विपद्ले हजारौंको भरोसा चुँडेको छ । दसौं हजार घरबारविहीन भएका छन् । यसले भौतिक र मानवीय क्षतिसँगै मन घाइते भएको छ ।

अचानक आएको विपद्ले केही घण्टाभित्रै मच्चाएको विध्वंसले प्रभावितहरूको निद्रा खोसेको छ । डर, चिन्ता, एक्लोपन महसुस हुने वा सामान्य दैनिकीमा फर्कन कठिन हुने समस्या देखिन थालेको छ । बालबालिकामा यसको असर झन् गहिरो हुन सक्छ । राष्ट्रिय बाल अधिकार परिषद्को द्रुत लेखाजोखाले रसुवा बाढी प्रभावित क्षेत्रमा सयौं बालबालिका आमाबुवाबाट छुट्टिएको वा दुवै अभिभावक गुमाएको देखाएको छ । यस्तो अवस्थामा खाना, कपडा र सुरक्षित बसोबाससँगै उनीहरूलाई भावनात्मक सुरक्षा पनि आवश्यक हुन्छ ।

सरकारले मनोसामाजिक परामर्शका लागि जनशक्ति परिचालन गरेको र हेल्पलाइन सञ्चालनमा ल्याएको जनाएको छ । प्रभावितले परामर्श पाउनु सकारात्मक सुरूवात हो । तर विपद्को आकार र प्रभावितको संख्या हेर्दा यति मात्र पर्याप्त हुँदैन । मनोसामाजिक उपचारलाई राहतको अस्थायी कार्यक्रमका रूपमा होइन, पुनर्स्थापनाकै एउटा महत्त्वपूर्ण हिस्साका रूपमा अघि बढाउनुपर्छ । प्रभावित बस्तीमै नियमित परामर्शको व्यवस्था हुनुपर्छ । विद्यालय, स्वास्थ्य संस्था र अस्थायी आवास केन्द्रमा मनोसामाजिक सहयोग पुऱ्याउनुपर्छ । परिवारबाट छुट्टिएका बालबालिकाको पुनर्मिलन र संरक्षणलाई प्राथमिकता दिनुपर्छ । गम्भीर मानसिक समस्या देखिएका व्यक्तिलाई विशेषज्ञ सेवासम्म सहज पहुँच दिलाउनुपर्छ । साथै सुरक्षित आवास, रोजगारी र जीविकोपार्जनको सुनिश्चितताले पनि प्रभावितको मनमा सुरक्षा र भरोसा फर्काउन मद्दत गर्छ ।

विपद्पछि मानिसलाई बाँच्ने आधार मात्र होइन, फेरि सामान्य जीवनमा फर्किने भरोसा पनि चाहिन्छ । त्यसैले राहतपछि पुनर्निर्माण र पुनर्स्थापनासँगै मनोसामाजिक उपचारलाई राज्यको निरन्तर प्राथमिकता बनाउनुपर्छ । घर बनाउनु आवश्यक छ, तर घरभित्र फर्कने मन पनि तयार पार्नुपर्छ । विपद्पछिको पुनर्स्थापना त्यतिबेला मात्र पूर्ण हुन्छ, जब भौतिक क्षतिसँगै घाइते मनले पनि सुरक्षित हुने आधार पाउँछ ।

# चाडपर्व, बजार र अनुगमन

चाडपर्वमा हुने महँगी, कृत्रिम अभाव र कालोबजारीले गरिब तथा न्यून आय भएका परिवारलाई आर्थिक दबाबमा पार्छ । प्रभावकारी बजार अनुगमन, गुणस्तर नियन्त्रण, आपूर्ति व्यवस्थापन र देशभित्रै रोजगारी सिर्जना गरी नागरिकको क्रयशक्ति बढाउनु राज्यको दायित्व हो । सरकारले देखावटी होइन, परिणाममुखी कदम चालेर चाडपर्वलाई दशा होइन, खुसीको अवसर बनाउनुपर्छ ।

अग्रलेख



● आरपी गैरे

तिज सकिएसँगै नेपालीहरूका महान् पर्व दसैं, तिहार र छठ नजिकिँदै छन् । गरिब, निमुखा, मजदुर, किसान र न्यून आय भएका परिवारका लागि दसैं, तिहार र छठजस्ता पर्व कहिलेकाहीँ दशा बनेर उभिन्छ । बजारमा बढेको महँगी, बेरोजगारी, आम्दानीको अभाव, दैनिक उपभोग्य वस्तुको मूल्यवृद्धि, कालोबजारी, कृत्रिम अभाव र चाडपर्वका नाममा हुने अस्वाभाविक मूल्यवृद्धिले उनीहरूको खुसीलाई चिन्तामा बदलिदिन्छ । चाडपर्व नजिकिँदै गर्दा बजारमा मानिसको चहलपहल र माग बढ्छ । यही समयलाई केही व्यापारीले उपभोक्ता ठग्ने अवसरका रूपमा प्रयोग गर्न सक्छन् । सामान्य अवस्थामा पाइने सामान चाडपर्व लागेपछि महँगो हुने, कृत्रिम अभाव सिर्जना गर्ने, लुकाएर राख्ने, बिल नदिने, म्याद गुज्रिएका खाद्यवस्तु बिक्री गर्ने, कम तौल दिने, गुणस्तरहीन वस्तु बेच्ने तथा मनपरी मूल्य असुल्ने प्रवृत्ति देखिन सक्छ । चाडपर्वका बेला उपभोक्ता पनि हतारमा सामान किन्न बाध्य हुन्छन् । यस्तो अवस्थामा व्यापारी र उपभोक्ताबीचको शक्ति सन्तुलन कमजोर हुन्छ र यसको प्रत्यक्ष मार गरिब तथा न्यून आय भएका परिवारमा पर्छ । त्यसैले बजारलाई खुला छाडेर मात्र सरकारको दायित्व पूरा हुँदैन । बजारमा सरकारको प्रभावकारी उपस्थिति देखिनुपर्छ ।



अहिले नै बजार भाउले आमनागरिकलाई ठूलो दबाबमा पारिरहेको छ । दैनिक उपभोगका वस्तु, तरकारी, खाद्यान्न, दाल, तेल, मसला, लत्ताकपडा, यातायात, शिक्षा, स्वास्थ्यदेखि घरायसी इन्धनसम्मको खर्च बढिरहेको अवस्थामा चाडपर्वले थप आर्थिक भार थप्छ । एउटा सामान्य परिवारले दसैंका लागि नयाँ कपडा किन्नुपर्छ, बालबालिकाको इच्छा पूरा गर्नुपर्छ, घरमा मासु तथा अन्य खाद्य सामग्री जुटाउनुपर्छ, आफन्त तथा परिवारसँग भेटघाट गर्नुपर्छ, गाउँ जानुपर्ने भए यातायात खर्च व्यहोर्नुपर्छ । तिहारमा भाइटीका, दियो, फूलमाला, मिठाई तथा अन्य सामग्रीको खर्च थपिन्छ । आम्दानी भने उही छ, तर खर्च बढ्दै जान्छ । यही अन्तरले गरिब परिवारको जीवनमा चाडपर्वलाई खुसीभन्दा बढी तनावको मौसम बनाइरहेको छ ।

### बेरोजगारी र अर्थतन्त्रको दुष्चक्र

सबैभन्दा गम्भीर कुरा बेरोजगारी हो । मानिससँग नियमित रोजगारी छैन भने उसको हातमा नियमित पैसा हुँदैन । पैसा नहुँदा दैनिक जीवनका सामान्य आवश्यकता पूरा गर्न कठिन हुन्छ । खान, लगाउन, पढाउन, उपचार गर्न र चाडपर्व मनाउन समेत समस्या हुन्छ । अहिले नेपालको ठूलो चुनौती यही हो-युवाहरूको ठूलो हिस्सा रोजगारीका लागि विदेश जान बाध्य छ । गाउँमा कामको अभाव छ, सहरमा अवसर सीमित छ, उद्योग-व्यवसायले अपेक्षित गति लिन सकेका छैनन् । कृषि क्षेत्रमा पर्याप्त आम्दानी छैन । नयाँ उद्यम गर्न खोज्ने युवाले पुँजी, बजार, प्रविधि र नीतिगत झन्झटको सामना गर्नुपर्छ । अनि देशभित्र रोजगारी सिर्जना हुन नसक्दा एउटा पुस्ता विदेशिने र अर्को पुस्ता विदेश जान तयारी गर्ने अवस्था बनेको छ । यो केवल आर्थिक समस्या होइन, सामाजिक र राष्ट्रिय समस्या पनि हो ।

सरकारले बेरोजगारीलाई तथ्यांकको एउटा अंकका रूपमा मात्र हेर्नु हुँदैन । बेरोजगार हुनु भनेको एउटा युवाको आत्मविश्वास कमजोर हुनु हो, परिवारको आम्दानी घट्नु हो, घरको उपभोग घट्नु हो र देशको उत्पादन क्षमतामा कमी आउनु हो । रोजगारी नहुँदा मानिसको क्रयशक्ति घट्छ । क्रयशक्ति घटेपछि बजारमा माग घट्छ । माग घटेपछि उद्योग तथा व्यापार प्रभावित हुन्छ । उद्योग-व्यवसाय कमजोर भएपछि थप रोजगारी सिर्जना हुन सक्दैन । यसरी बेरोजगारी र कमजोर अर्थतन्त्र एक-अर्कालाई बलियो बनाउने दुष्चक्रमा परिणत हुन्छन् । सरकारले यही दुष्चक्र तोड्न उत्पादन र रोजगारीलाई आफ्नो आर्थिक नीतिको केन्द्रमा राख्नुपर्छ ।

चाडपर्वको समयमा यो समस्या झन् स्पष्ट देखिन्छ । गाउँमा बूढा आमाबुबा छोराछोरी आउने बाटो हेर्छन् । तर कतिपय छोराछोरी विदेशमा छन् । कोही खाडीमा पसिना बगाइरहेका छन्, कोही मलेसिया, कोरिया, जापान, युरोप वा अन्य मुलुकमा श्रम गरिरहेका छन् । उनीहरूले पठाएको पैसाले घर चलेको छ । दसैंमा घर फर्कन चाहन्छन्, तर टिकट महँगो हुन्छ, बिदा छोटो हुन्छ, रोजगारी गुम्ने डर हुन्छ । घरमा रहेकाहरू पनि उनीहरूले पठाएको पैसाबाट दसैंको खर्च जुटाउँछन् । यस्तो अवस्थामा नेपालमा चाडपर्वको एउटा ठूलो आर्थिक आधार नै वैदेशिक रोजगारी बनेको छ । यो दीर्घकालीन रूपमा गर्व गर्ने अवस्था होइन । आफ्नै देशमा पर्याप्त रोजगारी सिर्जना गरेर युवालाई आफ्नै परिवार र समाजसँग बसेर भविष्य निर्माण गर्ने वातावरण बनाउनु राज्यको प्राथमिकता हुनुपर्छ ।

दुईतिहाइको बलियो जनमत प्राप्त गरेको सरकारबाट जनताले अपेक्षा पनि ठूलो राखेका छन् । जनताले सरकारलाई केवल सडक, भवन वा ठूला आयोजना निर्माण गर्ने संस्थाका रूपमा मात्र हेरेका छैनन् । जनताको पहिलो अपेक्षा जीवन सहज बनोस् भन्ने हो । बिहान उठेदेखि बेलुका नसुतेसम्म मानिसले सामना गर्ने समस्या समाधान होस् भन्ने हो । बजारमा मूल्य नियन्त्रण होस्, गुणस्तरीय खाद्यवस्तु पाइयोस्, उपचार गर्न सकियोस्, छोराछोरीलाई पढाउन सकियोस्, रोजगारी पाइयोस्, व्यवसाय गर्न सहज होस् र भविष्यप्रति आशा जागोस् भन्ने हो । त्यसैले दुई तिहाइको सरकारसँग जनताको अपेक्षा पनि ठूलो छ । अब सरकारको वास्तविक परीक्षा भाषणमा होइन, जनताको भान्सामा, रोजगारीमा र दैनिक जीवनमा हुनेछ ।

### प्रभावकारी अनुगमन र उत्पादन प्रवर्धन

सरकारले चाडपर्वअघि नै बजार अनुगमनलाई प्रभावकारी बनाउनुपर्छ । अनुगमनका नाममा केही पसलमा गएर मूल्यसूची हेर्ने, दुई-चारवटा सामान जफत गर्ने र फोटो खिचेर समाचार निकाल्ने पुरानो शैली अब पर्याप्त हुँदैन । बजारको तहसम्म पुग्ने, आपूर्ति शृंखला बुझ्ने, मूल्य निर्धारणको वास्तविक कारण खोज्ने र दोषीलाई कानुनअनुसार कारबाही गर्ने प्रणाली आवश्यक छ । खाद्य तथा गुण नियन्त्रण विभागले खाद्यवस्तुको गुणस्तरमा विशेष निगरानी राख्नुपर्छ । बजारमा म्याद गुज्रिएका, मिसावट भएका वा स्वास्थ्यका लागि हानिकारक वस्तु बिक्री भइरहेका छन् कि छैनन् भनेर नियमित परीक्षण गर्नुपर्छ । खाद्यवस्तुको गुणस्तरमा सम्झौता गर्ने व्यापारीमाथि तत्काल कानुनी कारबाही हुनुपर्छ ।

त्यस्तै, वाणिज्य तथा आपूर्ति विभागले बजारमा आपूर्ति अवस्था, मूल्य, भण्डारण र वितरण प्रणालीमाथि प्रभावकारी निगरानी गर्नुपर्छ । कुन वस्तुको माग कति छ, आपूर्ति कति छ, कहाँ कृत्रिम अभाव सिर्जना भइरहेको छ, कहाँ अस्वाभाविक मूल्य वृद्धि भइरहेको छ भन्ने विषयमा सरकारसँग वास्तविक समयको सूचना हुनुपर्छ । चाडपर्व सुरु भएपछि ग्यास, खाद्यान्न, पेट्रोलियम पदार्थ वा अन्य अत्यावश्यक वस्तुको कृत्रिम अभाव सिर्जना हुन दिनु हुँदैन । खाना पकाउने ग्यासजस्तो अत्यावश्यक वस्तुमा अभाव र कालोबजारी देखिएमा त्यसलाई गम्भीर आपूर्ति संकटका रूपमा लिनुपर्छ ।

उपभोक्ता अधिकारका क्षेत्रमा काम गरिरहेका संघ-संस्थाको भूमिका पनि महत्त्वपूर्ण छ । उपभोक्ता अधिकारका नाममा केवल वक्तव्य निकालेर पुग्दैन । बजार अनुगमनमा सरकारसँग समन्वय गर्ने, उपभोक्ताको गुनासो संकलन गर्ने, प्रमाण जुटाउने र दोषी व्यापारीमाथि कानुनी कारबाहीका लागि सम्बन्धित निकायलाई दबाब दिने काम पनि हुनुपर्छ । बजारमा उपभोक्ता ठगिँदा सबैभन्दा कमजोर व्यक्ति नै बढी ठगिन्छ । त्यसैले उपभोक्ता संरक्षणको सबैभन्दा ठूलो अर्थ गरिब उपभोक्ताको संरक्षण हो ।

कालोबजारी र कृत्रिम अभावविरुद्ध सरकार कठोर हुनुपर्छ, तर यसको अर्थ इमानदार व्यापारीलाई आतंकित पार्नु होइन । व्यापार गर्नु र नाफा कमाउनु अपराध होइन । समस्या त्यहाँ हुन्छ जहाँ नाफाको लोभमा कानुन मिचिन्छ, कृत्रिम अभाव सिर्जना गरिन्छ, गलत मूल्य निर्धारण गरिन्छ, उपभोक्तालाई ठगिन्छ वा गुणस्तरमा सम्झौता गरिन्छ । त्यस्ता व्यवसायीलाई राज्यले छुट दिनु हुँदैन । अनुगमन पारदर्शी र निष्पक्ष हुनुपर्छ । गलत गर्ने जोसुकै भए पनि कानुनको दायरामा आउनुपर्छ ।

यससँगै सरकार आफैंले पनि बजारमा अनावश्यक दबाब सिर्जना गर्ने नीति पुनरावलोकन गर्नुपर्छ । कर, ढुवानी, भन्सार, उत्पादन लागत र वितरण प्रणालीमा रहेका समस्याले पनि उपभोक्ता मूल्य प्रभावित हुन्छ । उत्पादकदेखि उपभोक्तासम्मको सम्पूर्ण आपूर्ति शृंखलाको अध्ययन गर्नुपर्छ । किसानले उचित मूल्य नपाउने र उपभोक्ताले महँगो मूल्य तिर्नुपर्ने अवस्थालाई अन्त्य गर्न बिचौलियाको भूमिका, भण्डारण प्रणाली र बजार संरचनामा सुधार आवश्यक छ ।

सरकारले चाडपर्वलाई रोजगारी र उत्पादनसँग पनि जोड्नुपर्छ । नेपालमा चाडपर्वका बेला ठूलो मात्रामा उपभोग हुन्छ । नेपाली कपडा, जुत्ता, खाद्यवस्तु, हस्तकला, कृषि उत्पादन, फूल, फलफूल तथा मासुको उत्पादन र बिक्रीलाई व्यवस्थित रूपमा प्रोत्साहन गर्न सकिन्छ । चाडपर्वको ठूलो बजारलाई स्वदेशी उत्पादन प्रवर्द्धन गर्ने अवसरका रूपमा प्रयोग गर्न सके पैसा देशभित्रै घुम्छ, उद्योग चल्छ र रोजगारी सिर्जना हुन्छ । सरकारले स्वदेशी उद्योगलाई विद्युत्, ऋण, प्रविधि, बजार, कर तथा नीतिगत सुविधा दिनुपर्छ । निजी क्षेत्रलाई शंकाको दृष्टिले होइन, रोजगारी र उत्पादनको साझेदारका रूपमा हेर्नुपर्छ ।

वर्षमा केही दिन राहत बाँडेर गरिबी हट्दैन । स्थायी समाधान भनेको रोजगारी हो, उत्पादन हो, सीप हो, शिक्षा हो र आयको स्थिर स्रोत हो । सरकारले गरिब परिवारलाई दानमा निर्भर बनाउने होइन, उनीहरूलाई आफ्नो खुट्टामा उभिन सक्ने बनाउने नीति लिनुपर्छ । सीपमूलक तालिम, साना उद्यमका लागि सहुलियतपूर्ण वित्त, कृषि आधुनिकीकरण, बजारको सुनिश्चितता र स्थानीय स्तरमै रोजगारी सिर्जना गर्न सके धेरै परिवारको जीवनमा वास्तविक परिवर्तन आउन सक्छ ।

दसैंलाई दशा बन्न नदिन सरकारले तीनवटा कुरा तत्काल प्राथमिकतामा राख्नुपर्छ-बजार नियन्त्रण, अत्यावश्यक वस्तुको सहज आपूर्ति र रोजगारी तथा आय सिर्जना । बजार अनुगमन देखावटी होइन, परिणाममुखी हुनुपर्छ । बजारमा कालोबजारी गर्ने, कृत्रिम अभाव सिर्जना गर्ने, गुणस्तरहीन वस्तु बेच्ने र उपभोक्तालाई ठग्ने व्यापारीलाई कानुनअनुसार कारबाही हुनुपर्छ । गलत काम गर्ने व्यापारी डराउने वातावरण बनाउनुपर्छ ।

सरकारलाई जनताले ठूलो जिम्मेवारी दिएका छन् । जनता महँगीबाट राहत चाहन्छन्, रोजगारी चाहन्छन्, उद्योग चलोस् भन्ने चाहन्छन्, किसानको उत्पादनले बजार पाओस् भन्ने चाहन्छन् र आफ्ना बालबालिकाको भविष्य नेपालमै देख्न चाहन्छन् । सरकारको सफलता सामाजिक सञ्जालको चर्चामा होइन, सामान्य नेपालीको घरमा कति सहजता आयो भन्ने कुराले निर्धारण हुनेछ ।

आज देशका गरिब, निमुखा र श्रमजीवी नागरिक सरकारतर्फ आशाको नजरले हेरिरहेका छन् । उनीहरूलाई आफ्नो श्रमको उचित मूल्य चाहिएको छ, बजारमा नठगिने विश्वास चाहिएको छ, भान्सामा ग्यास, बच्चालाई विद्यालय पढाउने आम्दानी, उपचार गर्ने क्षमता र युवालाई काम चाहिएको छ । अनि चाडपर्व आउँदा ऋण लिएर मात्र खुसी किन्नुपर्ने बाध्यता अन्त्य होस् भन्ने चाहना छ ।

# राष्ट्रसंघका महासचिवलाई खुला पत्र

जलवायु



● नारायणप्रसाद पौडेल

> *नेपाल विश्वलाई दोषारोपण गर्न चाहँदैन । बरू न्यायोचित साझेदारी गर्न चाहन्छ । हामी स्वच्छ ऊर्जामार्फत विकास गर्न र आफ्ना हिमाल जोगाउन प्रतिबद्ध छौं । तर त्यसको संरक्षणको दायित्व सिंगो विश्वले लिनुपर्छ ।*

**श्री महासचिवज्यू,**
**संयुक्त राष्ट्रसंघ**

म आज कुनै राजनीतिक दल वा संस्थाको प्रतिनिधिका रूपमा होइन, हिमालको काखमा बस्ने एक नेपाली नागरिकका रूपमा यो खुला पत्र लेखिरहेको छु । यो मेरो व्यक्तिगत आवाज मात्र होइन, जलवायु संकट सिर्जना गर्न नगण्य भूमिका खेलेर पनि त्यसको ठूलो मूल्य चुकाउन बाध्य करोडौं मानिसको साझा पुकार हो ।

जलवायु परिवर्तन अब भविष्यको सम्भावित संकट मात्र रहेन । यो हाम्रो वर्तमानको भयानक वास्तविकता बनिसकेको छ । हाम्रा हिमाल पग्लिरहेका छन्, हिमताल विस्फोटको जोखिममा छन् । अनपेक्षित बाढी, पहिरो तथा खडेरीले जनजीवन तहसनहस बनाएको छ । नेपालले न्यूनतम कार्बन उत्सर्जन गरे तापनि यस्ता जलवायुजन्य विपद्बाट बर्सेनि ठूलो मानवीय र आर्थिक क्षति भोगिरहेको छ । नेपालको पछिल्लो राष्ट्रिय निर्धारित योगदान दस्तावेजले सन् २०२४ को भीषण बाढी-पहिरो र हालैको भोटेकोशी विपद्ले पुऱ्याएको क्षतिलाई स्पष्ट पारेको छ । यस्तो अवस्थामा हाम्रो एउटै प्रश्न छ, जलवायु न्याय कहाँ छ ?

विश्वको जलवायु संकटलाई सबैको साझा समस्या भनेर बराबर जिम्मेवारी बाँड्न मिल्दैन । समस्या साझा भए पनि ऐतिहासिक जिम्मेवारी र परिणाम समान छैनन् । दशकौंदेखि अत्यधिक जीवाश्म इन्धन प्रयोग गरी धनी बनेका औद्योगिक राष्ट्रहरूले वायुमण्डलमा कार्बनको ठूलो हिस्सा सञ्चित गरेका हुन् । अर्कातर्फ, नेपालजस्ता देशको योगदान शून्यप्राय: छ, तर सास्ती भने हाम्रा हिमाल, कृषि र जनजीवनले भोगिरहेका छन् । त्यसैले अन्तर्राष्ट्रिय समुदायसमक्ष हाम्रो माग



दयाको याचना होइन, कानुनी र नैतिक न्यायको प्राप्ति हो ।

जलवायु न्यायका लागि केवल वर्तमान उत्सर्जन होइन, ऐतिहासिक योगदान, प्रतिव्यक्ति उत्सर्जन र आर्थिक क्षमतालाई आधार बनाइनुपर्छ । प्रदूषणकर्ताले नै क्षतिपूर्ति तिर्नुपर्ने सिद्धान्तलाई व्यवहारमा उतारिनुपर्छ । नेपाललाई ऋणको बोझ थप्ने होइन, पूर्वानुमानयोग्य, सहज र अनुदानमा आधारित जलवायु वित्त उपलब्ध गराइयोस् । साथै, विपद्को तत्काल सम्बोधनका लागि द्रूत जलवायु सम्बोधन गर्ने संयन्त्र र अपरिवर्तनीय क्षतिका हानि तथा क्षति कोषलाई झन्झटमुक्त र प्रभावकारी बनाउनु अत्यावश्यक छ ।

हिमालय नेपालको सम्पत्ति होइन । यो सिंगो एसियाको जलसुरक्षा र जैविक विविधतासँग जोडिएको प्राकृतिक प्रणाली हो । हिमनदी पग्लिने र हिमताल फुट्ने जोखिमलाई नेपालको आन्तरिक समस्या मान्ने भूल नगरियोस् । हिमालय संरक्षणमा लगानी गर्नु भनेको सम्पूर्ण मानव सभ्यताको भविष्य सुरक्षित गर्नु हो । स्वच्छ वातावरणमा बाँच्न पाउनु मानव अधिकारको विषय भएकाले जलवायु नीतिलाई मानव अधिकार र सामाजिक न्यायको अभिन्न अंगका रूपमा स्वीकार गरिनुपर्छ ।

नेपाल विश्वलाई दोषारोपण गर्न चाहँदैन । बरु न्यायोचित साझेदारी गर्न चाहन्छ । हामी स्वच्छ ऊर्जामार्फत विकास गर्न र आफ्ना हिमाल जोगाउन प्रतिबद्ध छौं । तर त्यसको संरक्षणको दायित्व सिंगो विश्वले लिनुपर्छ । यदि वायुमण्डल र हिमालय सम्पूर्ण मानवताको साझा सम्पत्ति हुन् भने तिनको विनाशतर्फको लागत पनि न्यायपूर्ण रूपमा बाँडिनुपर्छ ।

महासचिवज्यू, हामी आज हिमालका भावी पुस्ता, वर्षाको अनिश्चिततासँग जुधिरहेका किसान र घरबार गुमाएका हिमाली समुदायका लागि बोलिरहेका छौं । जलवायु संकट सिर्जना गर्ने र समाधान गर्ने जिम्मेवारीबीच न्यायपूर्ण सम्बन्ध स्थापित गरियोस् । जलवायु वित्त र हानि-नोक्सानी कोषलाई कागजी प्रतिबद्धताबाट वास्तविक कार्यान्वयनमा ल्याइयोस् । नेपालले प्रदूषण फैलाएको छैन, तर मूल्य तिरिरहेको छ । भोलि हाम्रा सन्तानले 'हाम्रो भविष्य संकटमा पर्दा तपाईंहरू कहाँ हुनुहुन्थ्यो ?' भनी प्रश्न गर्दा जवाफविहीन हुनु नपरोस् । जलवायु न्याय अन्तर्राष्ट्रिय समुदायका लागि अब कुनै विकल्प मात्र होइन । यो त साझा नैतिक दायित्व बनिसकेको छ ।

(**माडी–५, चितवन, नेपाल**)

इतिहासको पाना ● सन्तोष खडेरी

## वीरशमशेरकी ब्राह्मणी खुफिया



वि.सं. १९४२ मा धीरशमशेरका सत्र भाइ छोराहरूले आफ्नै ठाहिँला बुवा श्री ३ रणोद्दीप सिंहको हत्या गरी सत्ता कब्जा गरेपछि वीरशमशेर नयाँ महाराज बने । सोही रात जंगबहादुर राणाका छोरा जगतजंग र नाति युद्धप्रतापजंग मारिए भने अन्य सन्तानहरू लखेटिए ।

जंगका छोराहरूमध्ये 'गोरे जर्नेल' नामले चिनिने रणवीरजंग निकै सुरो र हठी थिए । सत्ता खोसिएको बदला लिन उनले भारतमा आफ्नो अलग्गै सुरक्षा फौज खडा गरे । उनले वि.सं. १९४३ (सन् १८८७) मा पूर्वको धनकुटा र पछि पश्चिमतर्फ भैरहवा, बुटवल तथा नवलपरासीमा भीषण आक्रमण गराए । गोत्र हत्याको पश्चात्तापले पिल्सिएका वीरशमशेर रणवीरजंगको त्रासका कारण भारत भ्रमणमा छँदासमेत गंगा स्नान गर्न डराउँथे ।

आफ्नो गादी जोगाउन वीरशमशेरले काठमाडौं छिर्ने शंकास्पद व्यक्तिहरूको सुराकी लिन महिला तथा पुरुष गुप्तचर (खुफिया) खटाएका थिए । तिनै खुफियाहरूमध्ये एक प्रमुख पात्र थिइन्- रुक्मणी ब्राह्मणी ।

वि.सं. १९४५ कात्तिकमा रणवीरजंगका मानिसहरू काठमाडौं प्रवेश गर्न लागेको सुइँको पाउनासाथ रुक्मणी ब्राह्मणीले दरबारमा खबर पुऱ्याइन् । उनको सटिक र समयमै प्राप्त सूचनाबाट प्रसन्न भई महाराज वीरशमशेरले रुक्मणीलाई दरबारमै बोलाएर २०० रुपैयाँ बकस दिए । सोही प्रकृतिको सूचना ल्याउने रुद्रलाल नामक अर्का पुरुष खुफियालाई भने ४० रुपैयाँ मात्र दिइएको थियो ।

रुक्मणी ब्राह्मणीले आफ्ना सहयोगीहरूसहित महाराजबाट पुरस्कार ग्रहण गरेको यो प्रसंगले राणाकालीन आन्तरिक सत्तासंघर्षमा गुप्तचर र विशेषगरी महिला सुराकीहरूको महत्त्वपूर्ण भूमिकालाई उजागर गर्छ ।

**सांकेतिक तस्बिर : एआई**

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com



# बाढीपीडितका लागि अख्तियारको ६१ लाख रुपैयाँ सहयोग




**काठमाडौं / मस–**अख्तियार दुरुपयोग अनुसन्धान आयोगले रसुवाको भोटेकोशीमा आएको बाढीबाट प्रभावितका लागि ६१ लाख रुपैयाँभन्दा बढी सहयोग रकम उपलब्ध गराएको छ । आयोगका पदाधिकारी, कर्मचारी तथा मातहतका निजामती र प्रहरी सेवाका राष्ट्रसेवकबाट जम्मा भएको कूल ६१ लाख ६२ हजार ५०८ रुपैयाँ ७४ पैसा प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गरिएको प्रवक्ता सुरेश न्यौपानेले जानकारी दिए ।

आयोगका पदाधिकारीले १५ दिन, सचिव, सहसचिव र सो सरहले १० दिन, उपसचिव तथा शाखा अधिकृत र सो सरहले सात दिन, राजपत्रअनंकित कर्मचारीले पाँच दिन, श्रेणीविहीन कर्मचारीले दुई दिनको तलब स्वेच्छिक रुपमा योगदान गरेका प्रवक्ता न्यौपानेले जानकारी दिए ।

गत भदौ १० गते आएको बाढीले रसुवा, नुवाकोट, धादिङ र गोरखा लगायतका जिल्लामा अकल्पनीय जनधनको क्षति पुर्‍याएपछि पदाधिकारी तथा कर्मचारीको स्वेच्छिक रूपमा पारिश्रमिक कट्टा गरी राहत रकम जम्मा गरिएको आयोगले जनाएको छ ।

**गाउँपालिकाकी उपाध्यक्ष र उनका छोराविरुद्ध भ्रष्टाचार मुद्दा**

सोलुखुम्बुको सोताङ गाउँपालिकाकी उपाध्यक्ष अन्जु नाछिरिङ राई र उनका छोरा समुनल नाछिरिङ राईविरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विशेष अदालत काठमाडौंमा भ्रष्टाचार मुद्दा दायर गरेको छ । आर्थिक वर्ष २०८०/०८१ मा सञ्चालन गरिएको ९० कार्य दिनको ढाका सिलाई बुनाई तालिममा प्रशिक्षकको रूपमा काम दिलाएको र सहजीकरण गरे वापत सेवाग्राहीसँग ४५ हजार रुपैयाँ घुस लिएको आरोपमा उनीहरूविरुद्ध आरोपपत्र दायर गरिएको हो ।

अनुसन्धानका अनुसार गाउँपालिका उपाध्यक्ष राईले पदीय जिम्मेवारीको दुरुपयोग गरी उक्त घुस रकम छोरा समुनल नाछिरिङ राईको बैंक खातामा रहेको क्युआर कोडमार्फत हाल्न लगाएकी थिइन् । छोरा समुनलले उपाध्यक्षसँगको मिलेमतोमा सेवाग्राहीबाट घुस रकम लिई उपलब्ध गराउनुका साथै प्रयोगमा समेत ल्याएको पाइएको छ ।

अख्तियारले दुवै प्रतिवादीविरुद्ध भ्रष्टाचार निवारण ऐन, २०५९ अनुसार ४५ हजार रुपैयाँ बिगो कायम गरी कैद र बिगो बमोजिम जरिवाना सजायको मागदाबी लिएको अख्तियारका प्रवक्ता सुरेश न्यौपानेले जानकारी दिए ।

# सामाजिक सञ्जालमा धार्मिक घृणा फैलाउने सामग्रीप्रति आपत्ति, छानबिनको माग



**शहबाज खान / मध्यान्ह**
कपिलवस्तु, ३१ भदौ

सामाजिक सञ्जालमार्फत इस्लाम धर्म तथा मुस्लिम समुदायको धार्मिक भावनामा आघात पुर्‍याउने र घृणा फैलाउने प्रकृतिका सामग्री सार्वजनिक भएको भन्दै उलमा फाउन्डेसन नेपाल, कपिलवस्तु शाखाले निष्पक्ष छानबिन गरी दोषीमाथि कानुनी कारबाही गर्न माग गरेको छ ।

फाउन्डेसनका जिल्ला अध्यक्ष सद्दाम हुसैन मन्सुरीको नेतृत्वको प्रतिनिधिमण्डलले कपिलवस्तुका प्रमुख जिल्ला अधिकारी जनार्दन गौतमलाई भेटी घटनाबारे छानबिन तथा आवश्यक कानुनी कारबाहीको मागसहित ज्ञापनपत्र बुझाएको हो ।

ज्ञापनपत्रमा सामाजिक सञ्जाल, विशेषगरी फेसबुकमा 'प्रेम योगी' नामको अकाउन्टबाट इस्लाम धर्म, मुस्लिम समुदाय तथा धार्मिक भावनाविरुद्ध आपत्तिजनक र घृणा फैलाउने प्रकृतिका विभिन्न सामग्री पोस्ट गरिएको उल्लेख छ ।

फाउन्डेसनका अध्यक्ष मन्सुरीले धार्मिक आस्थालाई लक्षित गरी सार्वजनिक गरिने यस्ता सामग्रीले सम्बन्धित समुदायको भावनामा चोट पुर्‍याउनुका साथै सामाजिक सद्भावमा समेत असर पार्न सक्ने बताए । उनले घटनाको सत्यतथ्य छानबिन गरी दोषी देखिएमा प्रचलित कानुनअनुसार कारबाही गर्न प्रशासनसँग आग्रह गरे ।

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब Japanese Yen | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | LOUNDRY WORKER | 0 | 5 | स. काममा दक्ष | 178703 | १७७०५८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | ३ वर्ष |

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु.७०० कामदारले | रु. १,५०० कामदारले | नि शुल्क |

**प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभव:**
(क) नेपाली नागरीक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको हुनुपर्नेछ । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा ३ वर्ष पूर्व दर्ता भई संचालन भईरहेको औद्योगीक प्रतिष्ठान उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघसंस्था, होटल पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) निर्माण सम्बन्धि कामको निमित्त सम्बन्धित उद्योग, उद्यम वा सम्बन्धित विषयको संस्थामा कम्तिमा दुई वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्ने। (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।

**दरखास्त साथ पेश गनुपर्ने आवश्यक कागजातहरु:**
(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा ३ वर्ष पूर्व दर्ता भई संचालन भईरहेको औद्योगीक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघसंस्था, होटल पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखीकरण तालिम लिएको सक्कल प्रमाण पत्र । (छ) नेपालमा आफु कार्यरत रहेको सम्बन्धित उद्योग प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनी आफु कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्बन्धि कागजको प्रतिलिपि ।

**१) दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मिति** : स्थान यस प्रालिको कार्यालय, यो सूचना प्रकाशित भएको मितिले २८ दिन भित्र
**२) प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवद्धन खर्च समेतको ) कुल खर्च** : नि शुल्क
**३) प्रशिक्षार्थी छनौट गर्ने तरीका, मिति र स्थान, छनौट तरिका, अन्तर्वार्ता**

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०८३ असोज ८ गते (24 September 2026) मा हुनेछ ।**

**बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी :**
१) आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोस् । आफुले बुझाएको रकमको भपाई अनिवार्य रुपमा लिनुहोस् । २) आफु काम गर्ने जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । ३) यस विज्ञापन सुचनामा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोस् । ४) विदेश जानुअघि अभिमुखीकरण तालीम अनिवार्य लिनुहोस् । ५) अनिवार्य रुपमा विमा गराउनुहोस् । ६) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोस् । सोको एक प्रति आफुसँग राख्नुहोस् । ७) श्रम स्वीकृतिविना वैदेशिक रोजगारीमा नजानुहोस् । वैदेशिक रोजगारमा जाँदा नेपालका एयरपोर्ट प्रयोग गर्नुहोस् । बैदेशिक रोजगारमा कुनै दलालको भनाईमा विश्वास नगर्नुहोस् । इजाजतप्राप्त रोजगार प्रा.लि.मा आफै गई आवश्यक कुरा बुझ्नुहोस् । अन्यथा ठगिने सम्भावना हुन्छ । ८) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरे वैदेशिक रोजगार विभाग तीनकुनेमा सम्पर्क राख्नुहोस् । ९) काम गर्न गएको कम्पनी छाडी वा भागी अन्यत्र नजानुहोस् । १०) काम गर्न गएको मुलुकमा कानुन पालना गर्नुहोस् । ११) करार अवधि सकिएपछि स्वदेश फर्कनुहोस् ।

**नोट: जापानिज भाषा स्पष्टसँग बोल्न, पढ्न र लेख्न सक्ने हुनुपर्नेछ । जापान सरकारले औधोगिक प्रशिक्षार्थीको रुपमा लिने, कुनैपनि कामको बारेमा अनुभवी प्रशिक्षकबाट तालिमको पनि ब्यवस्था छ । साथै औधोगिक प्रतिस्थानमा प्रयोग हुने व्याबहारीक जापानिज भाषा अडियो तथा भिडियोको माध्यमबाट जापानिज भाषा सिकाइन्छ ।**

**ALL CORNICE OVERSEAS SERVICE PVT. LTD.**
टोखा–१०, काठमाडौं, फोन: ०१४९५०३०८,०१४९५०८०२, ९८२३२४२९७५
E-mail : info@allcorniceoverseas.com/website:www.allcorniceoverseas.com
श्रम इजाजत पत्र नं.: ८४३/०६६/०६७

## युएईमा रोजगारीको अवसर

कम्पनी : SAGA CITY TECHNICAL WORKS L.L.C — शहर : UAE
पूर्व स्वीकृत मिति: २०८३/०५/३० — चलानी नं.: ६०२६११२३ — LT. No.: 347897

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Black Smith/ Welder | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | ६२५८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Brick Layer | 7 | 0 | | 1500 | ६२५८० | | | | | | | |
| 3. | CARGO SHIPPING ASSISTANT | 1 | 0 | | 1500 | ६२५८० | | | | | | | |
| 4. | Carpenter | 6 | 0 | | 1500 | ६२५८० | | | | | | | |
| 5. | Carpenter or Painter | 6 | 0 | | 1500 | ६२५८० | | | | | | | |
| 6. | Carpenter/Plumber | 5 | 0 | | 1500 | ६२५८० | | | | | | | |
| 7. | Electrican (Gen) | 4 | 0 | | 1500 | ६२५८० | | | | | | | |
| 8. | Mason,Carpenter,Steel fixer | 5 | 0 | | 1500 | ६२५८० | | | | | | | |
| 9. | Tile Layer | 4 | 0 | | 1500 | ६२५८० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ असोज ८ गते (24 September 2026) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि शुल्क |

**ALL CORNICE OVERSEAS SERVICE PVT. LTD.**
टोखा–१०, काठमाडौं, फोन: ०१४९५०३०८,०१४९५०८०२, ९८२३२४२९७५
E-mail : info@allcorniceoverseas.com/website:www.allcorniceoverseas.com
श्रम इजाजत पत्र नं.: ८४३/०६६/०६७

## कुवेतमा रोजगार

कम्पनी: NADINE COOKS SNACKS COMPANY. — शहर: KUWAIT
पूर्व स्वीकृत मिति: २०८२/०६/२७ — चलानी नं.: ६०२४६०५१ — L.T. No.: 332372 — पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cake & Pastries Maker | 9 | 0 | सम्बन्धित काममा दक्ष | 180 | ८९,८४७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Cleaner (Hospital-indoor) | 5 | 0 | | 90 | ४४,९२३ | | | | | | | |
| 3. | Sales Repvesentative | 5 | 0 | | 180 | ८९,८४७ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ असोज ८ गते (24 September 2026) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

**GOLD OVERSEAS PVT. LTD.** Govt. Lic. No. 1210/073/074
Basundhara Kathmandu, Tel: 5903225.
Email: goldovs2074@gmail.com, jivanshr5@gmail.com, goverseas12@gmail.com

## यूएईमा रोजगार

कम्पनी: EMIRATES HOSPITALITY CENTER-SOLE PROPRIETORSHIP L.L.C. — शहर: UAE
पूर्व स्वीकृत मिति: २०८२/०४/२१ — चलानी नं.: ६०२४२४३७ — L.T. No.: 328601 — पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Archives clerk/messenger | 3 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | ६२,५८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Assistant arabic cook | 9 | 0 | | 3500 | १,४६,०२० | | | | | | | |
| 3. | Foreign food cook - male | 7 | 0 | | 5000 | २,०८,६०० | | | | | | | |
| 4. | General worker/kitchen helper | 7 | 0 | | 1200 | ५०,०६४ | | | | | | | |
| 5. | Waiter | 7 | 0 | | 1200 | ५०,०६४ | | | | | | | |
| 6. | Waitresses | 0 | 6 | | 1300 | ५४,२३६ | | | | | | | |

**अन्तर्वार्ता डोल्से रेष्टुरेन्ट, बुटुवल, रूपन्देहिमा २०८३ असोज १० गते (26 September 2026) मा हुनेछ ।**
**अन्तर्वार्ता होटल दिब्या श्री कास्की पोखरामा २०८३ असोज १० गते (26 September 2026) मा हुनेछ ।**
**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ असोज १० गते (26 September 2026) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

**STARIS HR SERVICES PVT. LTD.** — श्रम इजाजत नं. १३२४/०७४/०७५
Basundhara, Kathmandu, Tel.: 01-5910250, 4370973, 4370762
CONTACT NO.: 9851336470 | 9802320574 | 9802320575

## कतारमा रोजगार

कम्पनी : IBRAHIM MOD . AL-KHULAIFI TRDG. CO. — शहर : DOHA
पूर्व स्वीकृत मिति: २०८३/०५/३१ — चलानी नं.: ६०२६११८१ — L.T. No.: 347998

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Service Agent | 5 | 0 | स. काममा दक्ष | 1000 | ४२,०४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : ALDALLA FOR CLEANINGS AND TRADING — शहर : DOHA
पूर्व स्वीकृत मिति: २०८२/१०/२७ — चलानी नं.: ६०२५२२३६ — L.T. No.: 338767 — पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Office Cleaner | 14 | 4 | सम्बन्धित काममा दक्ष | 1000 | ४२,०४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Toilet Cleaner | 2 | 0 | | 1000 | ४२,०४० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ असोज ८ गते (24 September 2026) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

**मदरल्याण्ड ओभरसिज प्रा. लि.** — श्रम इजाजत पत्र नं. ३३९/०५९/०६०
Opposite of Basundhara Chowki, Ph.: 01-496 1111, 4366318, 9851073258 (Mohan Basnet ) Fax: 436474
Email : cv@motherlandgroupnepal.com, info@motherlandoverseas.com, Website:www.motherlandoverseas.com

## साउदीमा रोजगार

कम्पनी: Dayton Specialty Coffee Est — शहर: Saudi Arabia,Al Riyadh
पूर्व स्वीकृत मिति: २०८३/०५/३१ — चलानी नं.: ६०२६११६३ — L.T. No.: 348002

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Food and Beverage Counter Worker | 2 | 0 | स. काममा दक्ष | 1200 | ४८९६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ असोज ८ गते (24 September 2026) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० |

**EMASCO NEPAL PVT. LTD.** — श्रम इजाजत नं. ११७/०५५/०५६
गोंगबु, सामाखुसी, काठमाडौं, नेपाल, फोन: ४९६२७७८, ४९५७७०८, फ्याक्स नं.: ४३५७७०८ Mob.: 9765821842 (Sandeep Gurung)

## Saudi मा रोजगार

Al Gharafa Distinguished Men's Hair Salon
पूर्व स्वीकृती मिति: २०८३/०५/३१ — चलानी नं. ६०२६११४८ — LT No.: 347999

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Barber | 2 | काममा दक्ष | 1200 | ४८,८००/- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | बिदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने /नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. २,५९६/- कामदार आफैले | रु. १,५००/- कामदार आफैले | रु. ७,००/- कामदार आफैले | नि:शुल्क |

**अन्तरवार्ता २०८३ असोज ८ गते (24 Sept., 2026) यस प्रा. लि. को कार्यालय लाजिम्पाट काठमाडौंमा हुनेछ ।**

[illegible]

**कसमस नेपाल ह्युम्यान रिसोर्स प्रा. लि.** — श्रम इजाजत नं. ७३३/०६४/०६५
लाजिम्पाट-२, काठमाडौं, नेपाल, फोन नं. : 01-4445794, 4445793, 9802099983, 9802099984
9801199984, 9865728265, 9803269111, Contact Person : 9802099984
(Nirmal Rawal) , Email: info@cosmosnepalhr.com


# Inaruwa Municipality
## Office Of The Municipal Executive
### Inaruwa, Sunsari
### Koshi Province, Nepal

## Invitation for Bids

**Date of publication: 2083/06/01**

1. Inaruwa Municipality invites electronic bids from Nepalese eligible bidders for the construction of works under National Competitive Bidding procedures.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Inaruwa Municipality, Inaruwa, Sunsari or may visit www.inaruwamun.gov.np
3. A complete set of Bidding Documents may be purchased from the office Inaruwa Municipality (Yojana Sakha), Inaruwa, Sunsari by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee as specified below till 2083/06/21 during office hours in the account as specified below.
   Name of the Bank: Rastriya Banijya Bank, Inaruwa, Sunsari
   Name of Account: INARUWA NA.PA.(GA-1-1)-AANTARIK RAJ
   Office Account No.: 22201003010003
4. Pre-bid meeting shall be held at Inaruwa Municipality at 2083/06/08 at 14:00.
5. Sealed bids must be submitted to the office Inaruwa Municipality (Yojana Sakha), Inaruwa, Sunsari by hand/ courier before 12:00 on 2083/06/22. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 14:00 on 2083/06/22 at the Inaruwa Municipality Office. Bids must be valid for a period of 90(Ninety) days from the bid submission deadline and must be accompanied by Bid security as specified below. which shall be valid for minimum 30 days beyond the Bid validity period. The original copy of Bid security should be put in the sealed bid during Bid submission.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.
8. Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason whatsoever.
9. Matters not covered by this Notice shall be in accordance with Public Procurement Act, Public Procurement Regulation and prevailing Laws.

| S. N. | Contract ID | Description & Location of work | Estimated amount (without vat & contingency but including PS ) | Bid Fee | Bid Security (NRS) | Time for completion | Remark |
|---|---|---|---|---|---|---|---|
| 1 | INRBUILDING/ NCB/01/2083-084 | Construction & Maintenance of office buildings at Inaruwa Municipality. | 1,72,60,767.28 | 3000.00 | 4,50,000.00 | 6 months from agreement/ work order | |

**Chief Administrative Officer**

# बैंकले घटाए निक्षेपको ब्याजदर

**मध्यान्ह संवाददाता**
काठमाडौं, ३१ भदौ



नेपालका २० वटा वाणिज्य बैंकहरूले निक्षेपको ब्याजदर घटाएका छन् । बैंकहरूले असोजका लागि भदौको तुलनामा ब्याजदर घटाएका हुन् । निक्षेप बढ्दै गएपछि कर्जा प्रवाह हुन नसक्दा बैंकहरूले निक्षेपको ब्याजदर भदौको भन्दा असोजमा घटाएका हुन् । असोजका लागि वाणिज्य बैंकको व्यक्तिगत निक्षेपतर्फको औसत अधिकतम ब्याजदर भदौको ४.१३६ प्रतिशतबाट ०.०४६५ प्रतिशत विन्दुले घटेर ४.०८९५ प्रतिशत कायम गराएका हुन् । त्यस्तै, संस्थागत निक्षेपको औसत ब्याजदर पनि भदौको ३.०८१ प्रतिशतबाट ०.०१४५ प्रतिशत विन्दुले घटेर ३.०६६५ प्रतिशत गराएका छन् । असोजमा व्यक्तिगत निक्षेपतर्फ सबैभन्दा बढी ब्याजदर प्रभु बैंकले दिएको छ । प्रभु बैंकले ४.५५ प्रतिशत ब्याज दिने भएको हो । यस्तै माछापुच्छ्रे बैंक, नेपाल इन्भेस्टमेन्ट मेगा बैंक, एनएमबी बैंक र सानिमा बैंकले ४.५० प्रतिशत ब्याजदर कायम गरेका छन् । नबिल बैंकले व्यक्तिगत निक्षेपमा ४.२५ प्रतिशत, कृषि विकास बैंक र नेपाल बैंकले ४.१५ प्रतिशत तथा नेपाल एसबीआई बैंकले ४.१० प्रतिशत ब्याजदर तोकेका छन् ।

त्यस्तै, प्राइम कमर्सियल बैंक, ग्लोबल आइएमई बैंक, एनआइसी एसिया बैंक, राष्ट्रिय वाणिज्य बैंक, लक्ष्मी सनराइज बैंक र हिमालयन बैंकमा व्यक्तिगत निक्षेपको ब्याजदर ४ प्रतिशत रहेको छ । सिटिजन्स बैंक इन्टरनेसनलले ३.८५ प्रतिशत, सिद्धार्थ बैंकले ३.७६ प्रतिशत, स्ट्यान्डर्ड चार्टर्ड बैंकले ३.७५ प्रतिशत र कुमारी बैंकले ३.७३ प्रतिशत ब्याजदर कायम गरेका छन् । एभरेस्ट बैंकले व्यक्तिगत निक्षेपमा ३.५० प्रतिशत ब्याजदर कायम गरेको छ । संस्थागत निक्षेपतर्फ भने नेपाल इन्भेस्टमेन्ट मेगा बैंक, एनएमबी बैंक, नेपाल बैंक र हिमालयन बैंकले ३.५० प्रतिशत ब्याजदर राखेका छन् । सानिमा बैंकले संस्थागत निक्षेपमा ३.५१ प्रतिशत ब्याजदर रहेको छ । माछापुच्छ्रे बैंक, एनआइसी एसिया बैंक, राष्ट्रिय वाणिज्य बैंकले निक्षेपमा ३ प्रतिशत र सिद्धार्थ बैंकले ३.०५ प्रतिशत ब्याजदर कायम गरेका छन् । नबिल बैंकले ३.०१ प्रतिशत तथा लक्ष्मी सनराइज बैंकले ३.२५ प्रतिशत ब्याजदर कायम गरेका छन् । प्रभु बैंक, कृषि विकास बैंक, नेपाल एसबिआइ बैंक, प्राइम कमर्सियल बैंक, ग्लोबल आइएमई बैंक र स्ट्यान्डर्ड चार्टर्ड बैंकले संस्थागत निक्षेपमा २.७५ प्रतिशत ब्याजदर कायम गरेका छन् । कुमारी बैंकले ३.०१ प्रतिशत र सिटिजन्स बैंकले २.७५ प्रतिशत ब्याजदर कायम गरेका छन् । एभरेस्ट बैंकले संस्थागत निक्षेपमा ३.२५ प्रतिशत ब्याजदर सार्वजनिक गरेका हुन् ।

# भृकुटीमण्डपमा घरजग्गा प्रदर्शनी, १०० भन्दा बढी स्टल

**काठमाडौं/मस–** काठमाडौंको भृकुटीमण्डपमा 'नवौं नेपाल जग्गा तथा आवास एवं निर्माण प्रदर्शनी-२०८३' आज सुरु हुँदै छ । आइतबारसम्म सञ्चालन हुने प्रदर्शनीमा १ सयभन्दा धेरै स्टल हुनेछन् । नेपाल चेम्बर अफ कमर्सको हीरक जयन्तीको अवसरमा चेम्बरसँगको सहकार्यमा नेपाल जग्गा तथा आवास विकास संघ र नेपाल जग्गा तथा आवास विकास महासंघले संयुक्त रूपमा आयोजना हुन लागेको प्रदर्शनीको उद्घाटन सभामुख डिपी अर्यालले गर्ने आयोजकले जानकारी दिए । प्रदर्शनीमा अपार्टमेन्ट तथा संयुक्त आवास, जग्गा विकास आयोजना, निर्माण सामग्री, सिमेन्ट, स्टिल, काठ, ग्लास, पेन्ट्स, सेनिटरी,




पाइप तथा फिटिङ्स, विद्युतीय उपकरण, इन्टेरियर डिजाइन, सौर्य ऊर्जा, रेन वाटर हार्वेस्टिङ, फोहोर व्यवस्थापन, सुरक्षा प्रणाली, स्वचालन प्रविधि, प्रिफ्याब तथा युपिभिसी ढोका-झ्याललगायत क्षेत्रका कम्पनी तथा व्यवसायी सहभागिता रहने प्रदर्शनी संयोजक रोशन भोयद्योले जानकारी दिए ।

त्यसैगरी बैंक तथा वित्तीय संस्था, बिमा कम्पनी, अस्पताल तथा स्वास्थ्य सेवा, इन्जिनियरिङ तथा वास्तुकला परामर्श, घरजग्गा विकासकर्ता र निर्माण व्यवसायसँग सम्बन्धित संस्थाको समेत सहभागिता रहनेछ । नेपालसँगै भारतबाट समेत विभिन्न कम्पनी तथा व्यवसायी प्रदर्शनीमा सहभागी हुनेछ ।

प्रदर्शनीलाई घरजग्गा खरिद-बिक्रीमा मात्र केन्द्रित नगरी सुरक्षित, व्यवस्थित र वातावरणमैत्री आवास निर्माणसम्बन्धी जानकारी तथा परामर्श दिने थलोका रूपमा विकास गर्ने तयारी गरिएको छ । भूकम्पप्रतिरोधी घर निर्माण तथा वास्तुकलासम्बन्धी विज्ञहरूले अवलोकनकर्तालाई निःशुल्क परामर्श दिनेछन् ।

प्रदर्शनीको अर्को मुख्य आकर्षणका रूपमा समसामयिक आवास तथा पूर्वाधारका विषयमा प्यानल छलफल आयोजना गरिने भएको छ । प्रदर्शनीमा ६५ हजारभन्दा बढी अवलोकनकर्ता आउने अनुमान गरिएको छ । चार दिनसम्म सञ्चालन हुने प्रदर्शनीमा घर तथा जग्गासम्बन्धी जानकारीसँगै निर्माण सामग्री, प्रविधि, सुरक्षित आवास, वातावरणमैत्री निर्माण र व्यवस्थित बस्ती विकासका विषयलाई समेत प्राथमिकतामा राखिएको छ ।

# सिद्धार्थ बैंकद्वारा एनपिएल लक्षित योजना सार्वजनिक

**काठमाडौं/मस–** नेपाल प्रिमियर लिगको टाइटल स्पोन्सरका रूपमा आबद्ध रहेको सिद्धार्थ बैंकले नयाँ ग्राहकलाई लक्षित गरी सिद्धार्थ एनपिएल क्रेडिट कार्ड र सिद्धार्थ एनपिएल बचत खाता सार्वजनिक गरेको छ । सिद्धार्थ एनपिएल क्रेडिट कार्ड योजनाअन्तर्गत असोज १ गतेदेखि मंसिर २९ भित्रमा आवेदन दिने ग्राहकले आजीवन निःशुल्क क्रेडिट कार्ड प्राप्त गर्न सक्नेछन् । पहिलो वर्षको वार्षिक शुल्क कार्ड जारी गरेकै समयमा पूर्ण रूपमा छुट, दोस्रो वर्षदेखि, ग्राहकले अघिल्लो

Siddhartha Bank

वर्षमा कम्तीमा तीनवटा क्रेडिट कार्ड कारोबार पूरा गरेको खण्डमा मात्र वार्षिक शुल्क फिर्ता हुने बैंकले जनाएको छ । सिद्धार्थ एनपिएल बचत खाता खोल्ने ग्राहकले सिद्धार्थ एनपिएल थिममा डिजाइन गरिएको डेबिट कार्ड सिद्धार्थ एनपिएल बचत खाता खोल्ने ग्राहकले सुरुवाती सुविधाका रूपमा ५ सय सिद्धार्थ रिवार्ड पोइन्ट प्राप्त गर्न सक्नेछन् । त्यस्तै, असोज १ देखि कात्तिक ३० सम्मको अभियान अवधिमा, सिद्धार्थ एनपिएल बचत खातावालाहरूले अभियान अवधिमा सबैभन्दा बढी रिवार्ड पोइन्टस् पाउने शीर्ष २० सिद्धार्थ एनपिएल बचत खातावालाले गिफ्ट प्राप्त गर्नेछन् ।

# 'नबिल एसएसई फेलोसिप' आवेदन आह्वान




**काठमाडौं/मस–** नबिल बैंक लिमिटेडले नबिल स्कुल अफ सोसल इन्टरप्रेनरसिप (नबिल एसएसई) फेलोसिप कार्यक्रमको सातौं समूह र नबिल एसएसई सर्टिफिकेट कोर्सको नयाँ समूहका लागि आवेदन आह्वान गरेको छ ।

बैंकले संस्थागत सामाजिक उत्तरदायित्व कार्यक्रमअन्तर्गत सञ्चालन हुँदै आएका दुवै कार्यक्रमका लागि आवेदन आह्वान गरेको हो । इच्छुक आवेदकहरूले आगामी असोज २६ गतेसम्म आवेदन दिन सक्नेछन् । १८ वर्ष उमेर पुगेका र नवीन उद्यमशील सोच भएका नेपाली नागरिकले आवेदन दिन सक्नेछन् । आवेदनपछि छनोट हुनेले कार्यक्रममा कम्तीमा ९० प्रतिशत उपस्थिति कायम राख्नुपर्ने प्रावधान छ । बैंकले दिगो उद्यम र रोजगारी सिर्जना गर्नुका साथै बृहत्तर सामुदायिक विकासमा योगदान पुऱ्याउने लक्ष्य राखेका महिला, युवा, गरिब, वञ्चित व्यक्ति र सीमान्तकृत समुदायका प्रतिबद्ध तथा सक्षम उद्यमीहरूलाई प्रोत्साहन गर्ने जनाएको छ ।

नबिल एसएसईमार्फत केवल उद्यममा मात्र नभई, आफ्नो समुदायभित्र दिगो आर्थिक अवसर सिर्जना गर्न सक्ने व्यक्तिहरूको क्षमता विकासमा पनि लगानी गरिरहेको नबिल बैंकका प्रमुख कार्यकारी अधिकृत (सिइओ) मनोजकुमार ज्ञवालीले बताए । फेलोसिप कार्यक्रम र सर्टिफिकेट कोर्समार्फत हालसम्म एक हजार ५८० जना सहभागीलाई तालिम दिएको बैंकले जनाएको छ ।

# सिटिजन्स बैंकले सेयरधनीलाई ४ प्रतिशत लाभांश दिने




**काठमाडौं/मस–** सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले आफ्ना सेयरधनीलाई लाभांश दिने प्रस्ताव पारित भएको छ । बैंकको सञ्चालक समितिको बैठकले सेयरधनीलाई आर्थिक वर्ष २०८२/८३ को मुनाफाबाट ४ प्रतिशत लाभांश प्रस्ताव गरेको हो । समितिको बैठकले प्रस्ताव गरेअनुसार गत आर्थिक वर्षको वितरण योग्य मुनाफाबाट २०८३ आषाढ मसान्तको चुक्तापुँजी १५ अर्ब ५० करोड ७४ लाख ६३ हजार ६१४ रुपैयाँको ३.८० प्रतिशतले हुने ५८ करोड ९२ लाख ८३ हजार ६१७ रुपैयाँ बोनस सेयर र कर प्रयोजनको लागि नगद लाभांश ०.२० प्रतिशतले हुने ३ करोड १० लाख १५ हजार लाभांश प्रस्ताव गरेको हो ।

# मेटलाइफ नेपालका महाप्रबन्धक श्रेष्ठलाई एसियन प्रोफेसनल अचिभमेन्ट अवार्ड



**काठमाडौं/मस–** मेटलाइफ नेपालका उपाध्यक्ष तथा महाप्रबन्धक निर्मलकाजी श्रेष्ठ एसियन प्रोफेसनल अचिभमेन्ट अवार्ड २०२६ अन्तर्गत 'जीवन बिमा तथा वित्तीय सेवाको क्षेत्रमा उत्कृष्ट नेतृत्व'बाट सम्मानित भएका छन् । यस सम्मानले स्थानीय प्रतिभा तथा नेतृत्वको विकासप्रति मेटलाइफ नेपालको दीर्घकालीन प्रतिबद्धतालाई थप पुष्टि गरेको कम्पनीले जनाएको छ । साथै, बिमा क्षेत्रको व्यावसायिक विकासमा योगदान पुऱ्याउँदै देशभरका ग्राहकलाई अर्थपूर्ण सुरक्षा तथा वित्तीय सुरक्षाका समाधान उपलब्ध गराउन व्यवस्थापनले गर्दै आएको निरन्तर प्रयासलाई पनि यस सम्मानले कदर गरेको कम्पनीको भनाइ छ । सन् २०१७ मा श्रेष्ठ मेटलाइफ नेपालको नेतृत्व गर्ने पहिलो नेपाली नागरिक बनेका थिए । उनले स्थानीय नेतृत्व प्रतिभाको विकास, ग्राहक अनुभवलाई अझ प्रभावकारी बनाउने तथा निरन्तर सिकाइ, विकास र नवप्रवर्तनलाई प्रोत्साहन गर्ने विभिन्न पहलको नेतृत्व गर्दै आएका छन् ।

# नेसनल लाइफ इन्स्योरेन्स र नेपाल बैंकबीच सम्झौता




**काठमाडौं/मस–** नेसनल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड र नेपाल बैंक लिमिटेडबीच नेपाल बैंक लिमिटेडमा कार्यरत कर्मचारीहरूको जीवन बिमासम्बन्धी सम्झौता सम्पन्न भएको छ ।

सम्झौतापत्रमा नेसनल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडका नायब प्रमुख कार्यकारी अधिकृत स्मृतिराज कँडेल र नेपाल बैंक लिमिटेडका सहायक प्रमुख कार्यकारी अधिकृत दीपेन्द्रराज काफ्लेले हस्ताक्षर गरे । सम्झौताअनुसार नेपाल बैंक लिमिटेडमा कार्यरत कर्मचारीको जीवन सुरक्षालाई लक्षित गरी जीवन बिमा सुविधा उपलब्ध गराइनेछ । कर्मचारीहरूको जीवन तथा आर्थिक सुरक्षालाई थप सुदृढ गर्ने उद्देश्यले गरिएको उक्त सम्झौताले बैंकका कर्मचारीलाई बिमामार्फत थप सुरक्षा तथा जोखिम व्यवस्थापनको सुविधा प्रदान गर्ने विश्वास गरिएको छ । सम्झौता कार्यक्रममा दुवै संस्थाका सम्बन्धित पदाधिकारी तथा अधिकारी उपस्थित थिए । कार्यक्रममा सहभागी पदाधिकारीले कर्मचारीको सुरक्षा, कल्याण तथा दीर्घकालीन हितका लागि जीवन बिमाको महत्त्व रहेको उल्लेख गर्दै यस प्रकारको सहकार्यले संस्थागत सम्बन्धलाई थप सुदृढ बनाउने विश्वास व्यक्त गरे ।

नेसनल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडले आफ्ना ग्राहक तथा संस्थागत साझेदारहरूको आवश्यकता र हितलाई प्राथमिकतामा राख्दै विभिन्न प्रकारका जीवन बिमा तथा जोखिम व्यवस्थापनसम्बन्धी सेवा प्रदान गर्दै आएको छ ।

## प्रभु बैंक लिमिटेड, शाखा कार्यालय पनौती, काभ्रेका तपसिलमा उल्लेखित ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्ने तथा धितोमा रहेको सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गर्ने बारेको १५ दिने सार्वजनिक सूचना ।

**(सूचना प्रकाशित मिति २०८३/०६/०१ गते बिहीबारको मध्यान्ह राष्ट्रिय दैनिक)**

यस बैंक (साविकको सेञ्चुरी कमर्सियल बैंक)का तपसिलमा उल्लेखित ऋणीले लिएको कर्जाको किस्ता (साँवा, ब्याज) भुक्तानी सम्बन्धि शर्त कबुलियत उल्लघंन गर्नु भएको तथा पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ता फछ्र्यौट गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेको हुनाले बैंकले कर्जा असुलीका लागि मिति २०८०/१०/२५ गते बिहिबारको सौर्य राष्ट्रिय दैनिक पत्रिकामा ऋणी तथा जमनतकर्तालाई कर्जा चुक्ता गर्ने बारेको ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएकोमा सो सूचना बमोजिम कर्जा चुक्ता हुन नसकेकोले मिति २०८२/०४/१३ गते मंगलबारको आर्थिक राष्ट्रिय दैनिक पत्रिकामा ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्ने तथा धितो लिलाम विक्री गर्ने बारेको १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशित गरिएकोमा सो सूचना बमोजिम कर्जा चुक्ता नभएको र धितो बापतको सम्पत्ति लिलाम विक्री हुन नसकेकोले कर्जा असुलीका लागि कर्जा सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लिखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट लिलाम बिक्री गरिने भएकोले उक्त सम्पत्ती के कति दर भाउ र मुल्यमा खरिद गरी लिने हो सो व्यहोरा खुलाई यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिनभित्र गोप्य शिलबन्दी बोलपत्र बैंकको **प्रधान कार्यालय बबरमहल, काठमाण्डौं**मा दाखिल गर्नु हुन ईच्छुक व्यक्ति तथा संगठित संस्था सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले १६ औं दिन अर्थात मिति २०८३/०६/१६ गते शुक्रबार (सो दिन सार्वजनिक विदा परेमा सोको लगत्तै बैंक खुलेको दिन) बैंकको **प्रधान कार्यालय बबरमहल, काठमाण्डौं**मा दिनको ठीक ३:०० (तीन) बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षणधनी, ईच्छुक बोलपत्रदाता तथा सम्बद्ध सबैमा अनुरोध छ । प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण दर्शाई स्वीकार वा अस्वीकार गर्न सक्ने व्यहोरा समेत जानकारी गराईन्छ । पुनश्चः यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र उक्त बांकी सम्पूर्ण कर्जाको साँवा ब्याज तथा हर्जाना लगायतका अन्य दै दस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता फछ्र्यौट गर्न गराउनको लागि सम्वन्धित ऋणी, धितो सुरक्षण धनी तथा जमानतकर्ता समेतलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । उक्त म्याद भित्र समेत कर्जा चुक्ता नभएमा ऋणी तथा जमानतकर्ता लगायत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गराउन सकिने व्यहोरा जानकारी गराउँदै कर्जाको सूरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लिखित अचल जायजेथा जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी प्रस्तुत सूचनाको म्याद भित्र प्राप्त हुन आएका गोप्य शिलवन्दी बोलपत्रको माध्यमवाट लिलाम बिक्री गरिने र कुनै कारणवश तपसिलमा उल्लिखित जायजेथा लिलाम बिक्री नभएमा सो जायजेथा अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा नियमानुसार बैंकले आफ्नो नाममा सकार गरी लिन सक्ने तथा उक्त जायजेथाबाट बैंकको सम्पूर्ण बक्यौता असूल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गरी लिइने व्यहोरा समेत जानकारी गराइन्छ ।

**तपसिल**

**क. ऋणी तथा जमानतकर्ताको विवरण :**

**ऋणी :** नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, धुलिखेल काभ्रेमा प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम मिति २०७४/०९/१७ गते प्रा.फ.र.नं. ७४५२/०७४/७५, कायम भई नेपाल सरकार अर्थ मन्त्रालय, आन्तरिक राजस्व विभाग, आन्तरिक राजश्व कार्यालय, भक्तपुरमा, करदता सेवा कार्यालय धुलिखेलबाट मिति २०७४/०९/१८ मा करदताको नाम जसोदा सापकोटा, कारोवारको नाम जसोदा कृषि फर्म भई स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. ६०७३३२२५४ को प्रमाणपत्र प्राप्त **जसोदा कृषि फर्म** ।
**ठेगाना :** काभ्रे जिल्ला पनौती न.पा.वडा नं. ३ कुशादेवी ।

**प्रोपाईटर तथा जमानतकर्ता : जसोदा सापकोटा** (ना.प्र.नं. १३५/४९, जारी मिति २०४६/०४/१३ जारी गर्ने कार्यालय जि.प्र.का. काठमाण्डौं) ।
ठेगाना : काभ्रे जिल्ला, पनौती नगरपालिका, वडा नं.३ (साविक कुशादेवी गा.वि.स., वडा नं.२) ।
बाबु : कृष्ण बहादुर महतरा ।
पति : उद्धब सापकोटा ।, ससुरा : मान बहादुर सापकोटा ।

**जमानतकर्ता : उद्धव सापकोटा** (ना.प्र.नं. ४५६१४ जारी मिति २०४३/०६/०७, जारी गर्ने कार्यालय जि.प्र.का. सिन्धुपाल्चोक ) ।
ठेगाना : काभ्रे जिल्ला, पनौती न.पा., वडा नं ३ (साविक कुशादेवी गा.वि.स., वडा नं २) ।
बाबु : मान बहादुर सापकोटा ।
बाजे : गोपि लाल सापकोटा ।

**जमानतकर्ता : सुनिल सापकोटा** (ना.प्र.नं. ३०-०१-६९-१०७७४, जारी मिति २०६९/११/०३ जारी गर्ने कार्यालय जि.प्र.का. काभ्रे) ।
ठेगाना : काभ्रे जिल्ला, पनौती नगरपालिका, वडा नं.३ (साविक कुशादेवी गा.वि.स. वडा नं.२) ।
बाबु : उद्धव सापकोटा ।
बाजे : मान बहादुर सापकोटा ।

**ख. लिलाम विक्री हुने सम्पत्तिको विवरण :**
१. **उद्धव सापकोटा**को नाममा मालपोत कार्यालय, काभ्रेमा दर्ता कायम रहेको काभ्रे जिल्ला, कुशादेवी गा.वि.स., वडा नं. २ नक्सा सिट नं. १५७-१४४१ स्थित कित्ता नं १४२३ क्षेत्रफल ४-४-३-१/२ रोपनी भएको घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको तथा भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापातसमेत........१
२. ऋणी **जसोदा कृषि फर्म**को स्टक तथा चालु सम्पत्तिहरु उपर हाइपोथिकेसन सुरक्षण समेत .....१

**पुनश्च :**
१. बोलपत्र सम्बन्धी शर्त बन्देज सहितको बोलपत्र फारम बैंकको **प्रधान कार्यालय बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग**बाट प्राप्त गर्न सकिनेछ ।
२. सम्पत्ति दाखेलखारेज नामसारी गर्दा नेपाल सरकारले तोके बमोजिम लाग्ने राजश्व लगायत सम्पूर्ण दैदस्तुर सकारकर्ता स्वयंले तिर्नु पर्नेछ ।
३. लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नु परेमा वा धितो लिलाम सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा बैंकको **प्रधान कार्यालय बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग र शाखा कार्यालय पनौती, काभ्रे**मा सम्पर्क राख्न सकिनेछ ।

PRABHU BANK
**प्रभु बैंक लिमिटेड**
**प्रधान कार्यालयः बबरमहल, काठमाडौं, नेपाल**
**फोन नं. ०१-५७१९०००**

## नबिल बैंक लिमिटेड, गल्छी शाखा, धादिङको धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सूचना गोप्य सिलबन्दी बोलपत्र आव्हान गरिएको सम्बन्धी

**(प्रकाशित मितिः २०८३/०६/०१)**

यस बैंकबाट कर्जा लिएका तपसिल बमोजिमका ऋणीले तथा सो को धितो जमानतकर्ताले ऋण लिंदा गरिदिएको लिखत र ऋण स्वीकृतीपत्रको शर्तमा तोकिए बमोजिम बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा किस्ता तथा ब्याँज समेतका रकमहरु तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्वन्धी शर्त कबुलियतहरु उल्लङ्घन गरेकोले कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना मिति **२०८१/०२/०६ को कारोबार दैनिक पत्रिका**मा प्रकाशित गरिएकोमा सो बमोजिम समेत ऋणी तथा जमानतकर्ता कसैले पनि ऋणकर्जाको बाँकी सावाँ ब्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नतिरेको/नबुझाएको एवं ऋण/जमानत दायित्व फछ्र्यौट नगरेको हुनाले ऋणी एवं धितो जमानतकर्ताले यस बैंकलाई लेखिदिएको तपशिल बमोजिमको चल/अचल सम्पत्ति धितो जहाँ जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्थामा र परिमाणमा प्रचलित कानून, बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ एवं बैंक नियम अनुसार गोप्य सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गर्नका लागि यो १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

धितोमा रहेको उक्त सम्पत्तिहरु गोप्य सिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित सघं सस्थाले यो सूचना प्रकाशित भएको **१५ (पन्ध्र) दिन** (सो दिन बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समयभित्र बोलपत्र फाराममा उल्लेखित शर्तहरुको अधीनमा रही रितपुर्वक भरी यस बैंकको **गल्छी शाखा, धादिङ**मा आईपुग्ने गरी गोप्य सिलबन्दी बोलपत्र आवेदन पेश गर्न हुन आव्हान गरिन्छ ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ । प्रस्तुत लिलाम बिक्री प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा वा धितोको सम्पत्ति लिलामबाट कसैले सकार गरी नलिएमा बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने व्यहोरा समेत ऋणी, धितो जमानतकर्ता एवं सम्बन्धित सबैमा जानकारी गराईन्छ । साथै, लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असूली सम्बन्धी ऐन, २०५८, सो को नियमावली, २०५९ तथा प्रचलित कानून बमोजिम ऋणी तथा जमानतकर्ताको अन्य चल अचल जायजेथा, श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनु हुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्धारा अवगत गराईन्छ ।

**तपसिल**

**ऋणी फर्म र ऋणी फर्मको प्रोपाइटरको नाम र ठेगानाको विवरण**

प्रादेशिक व्यापार तथा व्यवसाय ऐन २०७६ बमोजिम प्रदेश सरकार उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना तथा साना उद्योग कार्यालयमा मिति २०७८/१०/२८ मा प्रा.फ.द.नं ४४१/९४६७/०७८/०७९ अन्तर्गत दर्ता भएको **आईशा कृषि तथा पशुपंक्षी फार्म** ।
ठेगाना : धादिङ जिल्ला गल्छी गा.प. वडा नं. ०७ : धादिङ ।

**ऋणी फर्मका प्रोप्राइटरः**
भद्र नाथको नाती, तिलक बहादुर घिमिरेको छोरा, धादिङ जिल्ला वैरेनी गा.वि.स. वडा नं. ०८ बस्ने, ना.प्र.नं. २६-०१-७१-०५६१४ (जारी मितिः २०७१/०८/१०, स्थान धादिङ) भएको **धुर्व घिमिरे** ।

**व्यक्तिगत जमानतकर्ताहरुको विवरण**

१. दिलिप घिमिरेको नाती, भद्र नाथको छोरा, धादिङ जिल्ला वैरेनी गा.वि.स. वडा नं. ०८ बस्ने, ना.प्र.नं. १८४९ (जारी मितिः २०४१/११/१८, स्थान धादिङ) भएको **तिलक बहादुर घिमीरे** ।
२. हस्त बहादुर कडेलकी छोरी, भद्रनाथ धिमिरेकी बुहारी, तिलक बहादुर घिमीरेकी श्रीमती, धादिङ जिल्ला वैरेनी गा.वि.स. वडा नं. ०८ स्थायी घर भई हाल धादिङ जिल्ला वेलिधाट गा.पा. वडा नं. ०६ बस्ने ना.प्र.नं. ३१०४/९७४ (जारी मितिः २०४४/११/२०, स्थान धादिङ ) भएकी **सन्त कुमारी घिमिरे** ।

**धितोको विवरण**

धादिङ जिल्ला वैरेनी गा.वि.स. वडा नं. ०८ बस्ने, **धुर्व घिमिरे** को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेका धादिङ जिल्ला वैरेनी गा.वि.स. वडा नं. ०८ नक्सा सीट नं ८झ मा अवस्थित कि.नं. ६०५ र ५९८ क्षेत्रफल ०-१०-१-० र १-६-३-३ रोपनी जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

**लिलामबिक्री सम्बन्धी अन्य शर्तहरु :**
१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्रफाराम रु १०००।०० दस्तुर (पछि फिर्ता नहुने गरी) तिरी बैंकको **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं वा गल्छी शाखा, धादिङ**बाट कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ ।
२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र अर्थात मिति २०८३/६/१५ गते ५:०० बजे भित्र यस बैंकको **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं वा गल्छी शाखा, धादिङ**मा बुझाई सक्नु पर्नेछ ।
३. प्राप्त बोलपत्रहरु मिति २०८३/६/१६ गते ३:०० बजे बैंकको **गल्छी शाखा, धादिङ**मा उपस्थित प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहबरमा खोलिनेछ । तर बोलपत्रदाता, निजको प्रतिनिधि वा अन्य प्रतिनिधिको उपस्थिती नहुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन ।
४. बोलपत्र बुझाउने अन्तीम दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्त दिनको ५:०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ । त्यस्तै बोलपत्र खोल्ने दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिन ४:०० बजे बोलपत्र खोलिनेछ ।
५. लिलामगर्न लागिएको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नु पर्नेछ । बोलपत्र पेश गर्दा कुन कुन धितोको सम्पत्तिको लागि के कति बोलकबुलगर्न खोजिएको हो स्पष्ट खुलाई पेश गर्नुपर्नेछ । बैंकले सबै वा कुनै धितो पूर्ण वा आंशिक रुपमा समेत स्वीकार गर्न सक्नेछ, यस सम्बन्धी अन्तीम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ ।
६. बोलपत्रमा आफुले सकार गरी लिनचाहेको सम्पत्ति के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षर मा स्पष्टसँग लेखिएको हुनु पर्नेछ र आफुले कवोल गरेको रकमको कम्तिमा १० (दश) प्रतिशत रकम बैंकमा नगदै जम्मा गरेको सक्कल भौचर वा बैंकको नाममा खिचिएको "गुड फर पेमेण्ट" अर्थात् "भुक्तानी योग्य चेक" (Good for Payment Cheque) वा ड्राफ्ट वा मेनेजर/बैंकर्स चेक वा बैंक जमानत संलग्न गरी तोकिएको म्याद भित्रैमा बैंकमा पेश गर्नु पर्नेछ । धरौटी स्वरुप जम्मा गरिएको रकममा व्याज दिईने छैन ।
७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखित रुपमा पठाईनेछ । स्वीकृत बोलपत्रदाताले बैंकले तोकेको अवधीभित्र आफुले कबुल गरेको सम्पूर्ण रकम नगदै जम्मा गर्नुपर्नेछ । साथै उक्त समय भित्र कवुल गरेको रकम दाखिला नगरेमा धरौटी वापत राखिएको रकम बैंकले जफत गर्न सक्नेछ ।
८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण शुल्क/दस्तुर सकार गरी लिने व्यक्ति स्वयंले तिर्नु बुझाउनु पर्नेछ ।
९. कुनै अड्डा, अदालतबाट लिलाम सम्बन्धी कार्य रोक्का वा वदर गर्ने आदेश भएमा लिलाम रोक्का वा वदर हुनेछ । त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटीवापत जम्मा गरेको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिईनेछ । तर सो मा कुनै व्याज प्रदान गरिने छैन ।
१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ । रीत नपुऱ्याई दर्ता हुनआएको बोलपत्रउपर कुनै कारवाही हुने छैन । साथै, बैंकलाई आवश्यक लागेमा यस लिलामी प्रक्रियामा परेका बोलपत्रहरुलाई यथावत राखी Swiss Challenge Auction Model अनुसार पुनः धितो लिलामको सूचना प्रकाशित गर्न सक्नेछ । सो सम्बन्धी व्यवस्था बैंकद्वारा स्वीकृत Swiss Challenge Auction Model को कार्यविधि अनुसार हुनेछ ।
११. लिलाम बिक्री गरिने सम्पत्तिको बारेमा थप जानकारी आवश्यक परेमा यस बैंकको **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं वा गल्छी शाखा, धादिङमा** कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ ।
१२. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ ।

NABIL BANK®
प्रधान कार्यालय, दरवारमार्ग, काठमाडौं फोन नं. ०१-४९७२४५२, ९८०५६७३४७४

प्रकाशकः **सीतादेवी श्रेष्ठ**, कार्यालयः भगवतीबहाल, नक्साल, काठमाडौं, फोनः **०१–५३२६३६६, ०१–५३२८२९८**, ई-मेलः **madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com** (विज्ञापन), **मुद्रकः** एक्सप्रेस कलर प्रेस, प्रधानसम्पादकः **मदनकुमार श्रेष्ठ** सम्पादकः **जनक नेपाल**